# खण्ड-१

# परिचय





## १.१ परिवेश पुस्तिकाबारे

भूमिअधिकार पुस्तौंदेखि थाँती रहेको सवाल हो । जसले जमिन जोते, ती कहिल्यै पनि जमिनका मालिक हुन नसकिरहेको सन्दर्भमा नेपालको राजनीतिक आकाशमा देखिएको परिवर्तनलाई जनता, त्यसमा पनि गरीब समुदायसम्म कसरी पुऱ्याउने ? यो नै आजको महत्वपूर्ण सवाल हो । किनभने राजनीतिक परिवर्तनले जनताको जीवनमा परिवर्तन ल्याउनुपर्दछ । नयाँ नेपालको अबको बहस राजनीतिक मुद्दामा मात्र हैन, आर्थिक सामाजिक न्यायका प्रस्तावमा केन्द्रित गर्नुपर्दछ ।

कृषि क्रान्ति र जनमुखी भूमिसुधारका लागि नेपाली जनताले सङ्गठितरुपमा लडेको ६० वर्षभन्दा धेरै भयो । यो आन्दोलनको इतिहास लोकतान्त्रिक आन्दोलनको इतिहासजत्तिकै गौरवपूर्ण, लामो र पुरानो छ । इतिहासको कालखण्डबाट आजको नयाँ मोडमा आइपुग्दा पुराना सन्दर्भ फेरिएका छन् र नयाँ प्रस्तावमा छलफल गर्ने र त्यसको टुङ्गो लगाउने अवसर प्राप्त भएको छ । यसै सन्दर्भमा अब हामीले जनमुखी भूमिसुधारका लागि ठोस प्रयास चाल्न आवश्यक छ । भूमिसुधारका माध्यमबाट आम मेहनति जनताको अपेक्षा पूरा गर्ने ऐतिहासिक घडी हामीसामु आएको छ । जनमुखी भूमिसुधारको मुद्दा नेपालको सन्दर्भमा कुनै नयाँ विषय भने होइन । यो पटकपटकको सङ्घर्षपूर्ण आन्दोलन र आम जनताबाट अनुमोदन भइसकेको विषय हो । माओवादी जनयुद्धको महत्वपूर्ण तागत भूमिअधिकारबाट वञ्चित एवम् किसान नै थिए । यस जनयुद्धको एक प्रमुख माग भूमिसुधार नै थियो ।

हरेक व्यवस्थित आन्दोलनमा तथ्य, विचार, रणनीति र शक्ति निर्माणको खाँचो पर्दछ । यसै उद्देश्यले भूमिसम्बन्धी आधारभूत सूचना सङ्कलनका लागि सप्तरी जिल्लामा परिवेश विश्लेषण (आधारभूत अध्ययन) गरिएको थियो । यस क्रममा समुदाय तहमा गरिएको अध्ययन र उपलब्ध द्वितीय स्रोतका सूचनाको सार यस प्रतिवेदनमा समावेश छ ।

पुस्तिकाले जिल्लाको भूमिसम्बन्धी आधारभूत सबै तथ्य तथ्याङ्क समेट्ने प्रयत्न गरेको छ । जिल्लामा भूमि सवालको क्षेत्रमा कार्यरत् सङ्घ संस्था, भूमि अभियानकर्मी र जिल्लाको भूमि सम्बन्धमा बुझ्न चाहने सबैका लागि पुस्तिकाले सघाउनेछ भन्ने अपेक्षा गरिएको छ ।

## १.२ कसरी तयार पारियो ?

अन्य जिल्लामा काम गर्दाको अनुभवको आधारमा कस्ता आङ्कडा आवश्यक हुन्छन् ? भन्ने विषयमा प्रश्नावली र पारिवारिक भू-सूचना सङ्कलन फारम तयार पारियो । उपलब्ध द्वितीय स्रोत र विभिन्न व्यक्तिसँगको छलफल, अन्तरक्रियाका आधारमा अभियान केन्द्रित क्षेत्र छनौट गरियो । अध्ययन क्षेत्र छान्दा भूमिहीन तथ्याङ्कमा बढी देखिएको, दलित समुदायको बढी बसोबास भएको, जमिनदारको बसोबास भएको स्थान हेरिएको थियो ।

नजिकका जिल्लामा कार्यरत् भूमि अधिकारकर्मीको सहयोगमा समुदाय तहमा कस्तो कार्यकर्ता छान्ने भन्ने विषयमा छलफल भयो । त्यही छलफलले केही सूचक र प्रक्रिया निर्धारण गर्‍यो । यसका आधारमा समुदाय तहका २० जना प्रारम्भिक व्यक्तिको सूची तयार पारियो ।

छानिएका २० जनालाई भूमि अधिकारबारे आधारभूत जानकारीका साथै आधारभूत अध्ययनबारे २ दिने अभिमुखीकरण दिइयो । र, यसमध्ये १० जनालाई नियमितरुपमा काम गर्ने अभियानकर्ताको जिम्मेवारी दिइयो ।

छनौट गरिएको स्थानको परिवारिक भू-सूचना सङ्कलन गरियो । लक्षित समूह र समुदाय छलफल चलाइयो । अन्तरवार्ता, घटना अध्ययन आदि विवरण पनि लिइयो ।

जिल्ला तहका सूचना, सामग्रीको खोजी, सङ्कलन, अध्ययन र विश्लेषण गरियो । निवर्तमान जनप्रतिनिधि र गाविस सचिवसँग छलफल तथा अन्तरवार्ता भयो ।

अध्ययनमा संलग्न अभियानकर्ताको आफ्नै बुझाईअनुसार संश्लेषण गरियो । र, उल्लेखित सबै विवरणका आधारमा मस्यौदा प्रतिवेदन तयार पारियो ।

मस्यौदा प्रतिवेदनलाई सरोकारवालाको छलफलमा राखी प्रस्तुति गरियो । उक्त प्रस्तुतिउपर आएका सुझावसमेतका आधारमा अन्तिम प्रतिवेदन तयार पारियो ।

यो प्रारम्भिक तहको सीमित साधन र स्रोतमा आफ्नै अनुभव र सिकाईका आधारमा अभियानकर्ताद्वारा नै गरिएको अध्ययन हो । यो आधारभूत अध्ययन जिल्लाका केही गाविस र निश्चित वडामा गरिएको छ । यस अध्ययनलाई पूर्णता दिनका लागि जिल्ला तहका सूचना समुदायमा भएका छलफलका






निष्कर्ष, जनप्रतिनिधि, जिल्ला भूमिसुधार, मालपोत कार्यालय, नापी कार्यालय र सचिवहरुसँग लिइएका सूचना एवम् अन्तरवार्ता र घटना अध्ययनलाई पनि आधार मानिएको छ । यसले भूमि अधिकार अभियानमा आवश्यक आङ्कडा र वकालतमा सहयोग पुग्ने अपेक्षा पूरा गर्नेछ ।

# खण्ड-२

# जिल्ला परिवेश







## २.१ जिल्लाको भौगोलिक अवस्था :

नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गतको यो जिल्ला पूर्वमा सुनसरी, पश्चिममा सिरहा, उत्तरमा उदयपुर र दक्षिण भारत बिहार राज्यको सुपौल र मधुवनी जिल्लाद्वारा घेरिएको छ। भौगोलिक सीमाङ्कनअनुसार सप्तरीको उत्तरतर्फ चुरे पर्वत श्रृंखलाको पानी ढलो, पश्चिम बलान नदी र पूर्वतिर सप्तकोशी नदी पर्दछ। पूर्व पश्चिम लम्बाई र उत्तर दक्षिण चौडाई झण्डै आयातकार रहेको जिल्लाको क्षेत्रफल १३६३ व. कि.मी. छ, जुन नेपालको कुल क्षेत्रफलको ०.९३ प्रतिशत हो।

भू-बनौटका आधारमा जिल्लाको उत्तरतिर वन र चुरे क्षेत्र, त्यसभन्दा तल भावर प्रदेश र दक्षिणतिर तराईको समथर भू-भाग छ। ३५० मिटरदेखि ६१० मिटरसम्मको उचाईमा रहेको चुरे क्षेत्रसँग जिल्लाको सम्पूर्ण सरकारी र सामुदायिक वन क्षेत्र पर्दछ। बलौटे र खुकुलो माटोको समिश्रण रहेकाले यो क्षेत्र भू-क्षयको दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ। माटोको पानी शोषण गर्ने क्षमताको कमीले वर्षात्को मौसममा यो क्षेत्रबाट बग्ने खोलानालाले ठूलो नोक्सानी पुऱ्याउने गरेको छ।

भावर क्षेत्रको सुरुवात्सँगै चुरे क्षेत्र समाप्त हुन्छ। यो क्षेत्रमा भिठ जमिन पर्दछ। यो क्षेत्रले जिल्लाको क्षेत्रफलमध्ये १३५९३-९-२.५ क्षेत्र ओगटेको छ। यो क्षेत्रमा ग्राभेल मिसिएको माटो र पानी अभाव हुने कारणले प्रायः सबै सुख्खाग्रस्त रहन्छ। जिल्लाको दक्षिणी भू-भाग समथर र उर्वर भूमि मानिन्छ। यो क्षेत्रमा प्रायः दोमट माटो र खोला किनारमा ठूल-ठूला ग्राभेल मिसिएको बलौटे माटो पाइन्छ। दोमट माटो रहेको क्षेत्र अत्यन्त उर्वर हुनाले अन्नबाली, मत्स्यपालन, बगैंचा खेतीका निमित्त उपयुक्त मानिन्छ। जिल्ला भएर बग्ने कोशी, खाडो, महुली, सुन्दरी, खडक, बलान, त्रियुगालगायत् खोला नदीले उर्वर खेतीयोग्य जमिन कटान र भू-क्षयले समस्या उत्पन्न हुने गरेको छ। त्यसका अतिरिक्त कजरा, मुतनी, घोरदह, भलुवाही, गङ्गाजली, जिता, सुरङ्गा, बौठा, बिहुल, फाँपी, सिंहेश्वर, अमहा खोलाले हुने भू-क्षय र खेतीयोग्य जमिन कटानले वर्षेपिच्छे दर्जनौं गा.वि.स. प्रभावित हुन्छन्। गा.वि.स. सङ्ख्याका आधारमा सप्तरी जिल्ला नेपालकै बढी गा.वि.स. भएको जिल्ला हो। जिल्लामा एउटा मात्र नगरपालिका (राजविराज) छ।

## २.२ सप्तरीमा भूमिको अवस्था :

मध्यपूर्वी तराईको सुगम जिल्लाका रुपमा रहेको सप्तरी समुद्री सतहबाट ६१ मिटर (२०० फिट) देखि ३०५ मिटर (१००० फिट) सम्मको उचाईमा छ। यो जिल्लाको कुल क्षेत्रफलको ६१.११ प्रतिशत अर्थात् ८३,२४० हेक्टर जग्गा भू-उपयोगका दृष्टिकोणले खेती गर्न योग्य छ। जिल्ला भू-संरक्षण कार्यालय सप्तरीले विभिन्न प्रयोगमा रहेको जग्गा १,३६,२२० हेक्टर अनुमान गरेको छ। राष्ट्रिय कृषिगणना सन् १९९१/९२ ले जिल्लाको कुल कृषि भूमि ८३१७० हेक्टर र सन् २००१ को गणनाले ७७७९७.१ हेक्टर रहेको देखाएको थियो।

जिल्लाको कुल खेतीयोग्य जमिनमध्ये ४२३६० हेक्टर (५१ प्रतिशत) जग्गामा सिंचाई सुविधा पुगेको छ। जिल्लाको भूमिको उपयोग गरेको आधारमा जिल्ला भू-संरक्षण कार्यालय सप्तरीले जग्गालाई निम्नानुसार वर्गीकरण गरेको छ।

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ८३२४० | ६१.११ |
| १.१ | सिंचाई सुविधा भएको | ४२३६० | ५१ |
| १.२ | सिंचाई सुविधा नभएको | ४००८० | ४९ |
| २ | वन क्षेत्र | २६१९२ | १९.२६ |
| २.१ | उत्पादन वन | १४३०० | १०.५९ |
| २.२ | हैसियत बिग्रेको वन | ६८६० | ५.०३ |
| २.३ | झाडी तथा बुट्यान | २४५० | १.८ |
| २.४ | घाँसे मैदान | २५८२ | १.९ |
| ३. | ताल तलैया (पोखरी) | ११५ | ०.०० |
| ४. | नदीले गेग्रान थुपारको क्षेत्र | ११३० | ०.८३ |
| ५. | नदी तथा यसले ओगटेको क्षेत्र | १०८६० | ७.९७ |
| ६. | दलदल क्षेत्र | २९० | ०.२१ |
| ७. | ग्रामीण आवास तथा शहरी क्षेत्र | ३०७० | २.२५ |
| ८. | खेर गइरहेको जमिन | ६८०० | ५ |
| ९. | अन्य | ४५२३ | ३.३२ |
| | जम्मा | १३६२२० | १०० |

*स्रोत : जिल्ला भू-संरक्षण कार्यालय सप्तरी, राजविराज-२०५८*





जिल्ला सदरमुकाम राजविराज नगरपालिका तथा नगरोन्मुख गा.वि.स. र बजारमा आवासका निमित्त उपयोग गरिने जग्गा केही बढी छ। राजविराज नगर क्षेत्रभित्र पर्ने आवास तथा व्यापारिक कार्यालयसहितले ४४०.७६ हेक्टर (४३.२७%) जग्गा चर्चेको छ। त्यसमध्ये कृषि क्षेत्रले ४७७.७३ हेक्टर (४१.०५%), ताल/पोखरी क्षेत्र/नदीले १६२.१९ हेक्टर, (१३.९४%), औद्योगिक क्षेत्रले ९.७५ हेक्टर (७.८४%) अन्य बाँझो जग्गा १०.५ हेक्टर (०.९%) छ।

त्यस्तै, ग्रामीण क्षेत्रको भू-उपयोगको स्थितिअनुसार खेतीयोग्य जमिन ७९५१९ हेक्टर (५८.८५%) र आवासका निमित्त २६९१.२४ (१.१५%) जग्गा उपयोग भएको छ। सरकारी वनले २१२८७ हेक्टर (१५.७५%), सामुदायिक वन ६६९२ हेक्टर (४.९५%), झाडी तथा बुट्यानले २४५० हेक्टर (१.८१%), निजी वनले ३० हेक्टर (७.०४%), हैसियत बिग्रेको वन ६८८० हेक्टर (५.०९%) घाँसे मैदान र चरण २५८४ हेक्टर (१.९१%), बगर १११५० हेक्टर (८.२५%) जग्गा छ भने खेती गर्दै आएको जमिन ७०४७५ हेक्टर (८८.६%), पाखो ९०४४ हेक्टर (१९.४%) र अन्य १८१८ हेक्टर (१.४%) जग्गा छ।

नापी शाखा कार्यालय सप्तरीको तथ्याङ्कअनुसार जिल्लाको कुल क्षेत्रफलको ७७.८% धनहर जग्गा छ भने ९.९% भीठ जग्गा छ।

| **क्र.सं.** | **किसिम** | | **क्षेत्रफल (बिगाहा)** |
|---|---|---|---|
| | अब्बल | | ३०२५९-३-३.२५ |
| | दोयम | | ५३६९३-०-० |
| १. | धनहर | सीम सबै बाली हुने खेत | २२९४९-५.७.२५ |
| | चहार | | ३७२-११-१९.५ |
| २. | अब्बल | | ११७०४-१३-८.५ |
| | भीठ | दोयम -मौसमी खेती हुने | १८८३-१०-१६.५ |
| | सीम | | ५-४-१७.५ |
| ३. | सरकारी | | २४९७-४-११.२५ |
| ४. | एलानी | | १२१५-१६-०.५ |
| ५. | गौचर | | ८९-१३-१३.५ |
| ६. | मिन्हा | | १३१८९-१६-९.२५ |
| ७. | गुठी | | ३१-५-५ |
| | जम्मा | | १३७८९२-५-१२.५ |

*स्रोत : नापी शाखा सप्तरी, किसिम तेरिज वितरण तालिका*

## २.३ जिल्लामा खेतीयोग्य जग्गाको क्षेत्रफल :

सप्तरीको क्षेत्रफल १,३६,२२० हेक्टरमध्ये ८३,२४० हेक्टर (जिल्ला कृषि विकास कार्यालयको अभिलेखअनुसार ७९५१९ हेक्टर) जग्गामा खेती गरिएको छ । यो कुल क्षेत्रफलको ५८.३७% हिस्सा हो ।

जिल्लामा विद्यमान सिंचाई प्रणालीले ४५००० हेक्टर जग्गामा सिंचाई गर्ने क्षमता राखे पनि २८६२४ हेक्टर (३४.४%) जग्गामा सिंचाई सुविधा पुगेको छ । त्यस्तै, ५४६१६ हेक्टर (६५.६%) क्षेत्रफल जग्गामा सिंचाई पुग्न सकेको छैन । सिंचाई सुविधा भएर पनि व्यवस्थितरुपमा मर्मत सम्भार गर्न नसकेर सिंचाई पुग्न नसकेको भूमि १६३७६ हेक्टर जग्गा छ भने मौसमी सिंचाई उपलब्धता २८६२४ हेक्टरमा पुगेको छ र खेतीयोग्य जमिनमध्ये सुख्खायाममा १७००० हेक्टर सिंचाई सुविधा छ। राणा प्रधानमन्त्री चन्द्रशमशेरको कार्यकालमा नै चन्द्र नहर निर्माण गरी सञ्चालन गरिएको थियो । त्रियुगा नदीको पानी ल्याएर वि.सं. १९८४ सालदेखि उक्त नहर सञ्चालित छ । यस सिंचाई प्रणालीमा २९ कि.मी. लामो एउटा मूल नहर, ४३ कि.मी. लामो १० वटा शाखा नहर, ३६ कि.मी. लामो ११ वटा माइनर नहर र २५७ वटा भिलेज च्यानल छन् । चन्द्र नहर योजनाले सिंचाईबाट ८००० हेक्टर, कोशी पम्प नहर प्रणाली र वितरण प्रणालीसहित १४४६९ हेक्टर, सेक्टर सिंचाई कार्यक्रमबाट २५०० हेक्टर तथा ग्रामीण पूर्वाधार कार्यक्रममार्फत् ३६५५ गरी कुल २८६२४ हेक्टर (३४.४%) क्षेत्रमा सिंचाई सुविधा पुगेको छ ।

जिल्लाको कुल क्षेत्रफलको १९.२३ प्रतिशत क्षेत्र वनले चर्चेको छ । त्यसमध्ये उत्पादन वन १४३०० हेक्टर (१०.५९%), हैसियत बिग्रेको वन ६८६० हेक्टर (५.०३%), झाडी तथा ब्रुटयान २४५० हेक्टर (१.८%) र घाँसे मैदान २५८२ (१.९%) गरी कुल २६१९२ हेक्टर क्षेत्र रहेको छ । जिल्लाको विभिन्न ठाउँमा रहेका २६१९२ हेक्टर (३९२८० बिघा) पर्ती, नदी किनारमा रहेका १०८६० हेक्टर (१५२९० बिघा) जग्गा पुन: व्यवस्थापन गरी सहकारिताको सिद्धान्तअनुरुप खेतीका निम्ति उपयोग गर्नेतर्फ प्रक्रिया थालिनुपर्छ । गाउँब्लकको जग्गा भोगको आधारमा स्थानीय सरजमिन र भूमि अधिकारबाट वञ्चितहरुको सिफासिमा बासको प्रयोजनका लागि वितरण गरिनुपर्छ । असुरक्षित स्थान (चुरे, नदी किनार, टापु) मा बसोबास गरिरहेका भूमिबाट वञ्चितलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गरिनुपर्छ । खेतीयोग्य जग्गामा घर बनाउने, इँटाभट्टा खोल्ने, क्रस र उद्योग खोल्ने कार्यमा प्रतिबन्ध लगाइनुपर्छ ।





जिल्लाको कुल परिवार १,०१,१४१ मध्ये ९४,७०१ घरधुरी खेतीपातीमा संलग्न छन् । उक्त सङ्ख्या कुल घरधुरीको ९३.६३ प्रतिशत हो । कृषि कार्यालयको तथ्याङ्कअनुसार सबैभन्दा बढी परिवार डेढ विघादेखि ३ विघासम्म जमिन जोत्ने छन् भने सबैभन्दा कम १० हेक्टर र सोभन्दा माथिको परिमाणको जग्गा जोत्ने छन् ।

जिल्लामा कृषि क्रियाकलापमा संलग्न कृषकहरु, जम्मा घरधुरी र जनसङ्ख्या/खेती गर्ने परिवारको संख्या :-

सप्तरीको कुल घरधुरीको सङ्ख्या राष्ट्रिय जनगणना २०५८ अनुसार १ लाख एक हजार एक सय ४१ छ भने त्यस घरधुरीमा बसोबास गर्ने जनसङ्ख्या ५ लाख ७० हजार दुई ८२ जना छन् । जुन कुल जनसङ्ख्याको २.४६ प्रतिशत हो । त्यसमा महिला र पुरुष क्रमश: २,७८,८७३ र २,९१,४०९ जना छन् । २०४८-२०५८ को राष्ट्रिय जनसङ्ख्या वार्षिक वृद्धिदर २.२४ प्रतिशतलाई आधार मान्दा दुई वर्षअघि अर्थात् २०६३ सालको जनसङ्ख्या ६,३७,०७९ पुगिसकेको छ, जसमा पुरुष ३,२५,५४७ र महिला ३,११,५३२ जना छन् ।

जिल्लाको कुल खेतीयोग्य जग्गा ७९५१८.९३ हेक्टर छ । जिल्ला कृषि विकास कार्यालयको रिपोर्टअनुसारको सवाल केन्द्रित अध्ययनअनुसार कृषि जग्गा हुने घरधुरी ११,३६८, कृषि जग्गा र पशुपालन ३३,५५८, कृषि जग्गा र कुखुरापालन ७७७, कृषि जग्गा र पशुपंक्षीपालन २१,२८५, पशुपालन ५५९५, कुखुरापालन ४२८, पशुपंक्षीपालन २४९९ र केही नभएका २५६२४ घरधुरी छन् । खेती गर्ने जग्गा नभए पनि पशुपालन, कुखुरापालन, पशुपंक्षी पालन केही पनि नभएका २५६२४ गरी जिल्लामा भूमिहीन परिवारको सङ्ख्या ३४१४६ देखिन्छ ।

# खण्ड-३

# भूमिसम्बन्धी मुख्य सवालहरू





## ३.१ भूमिहीनता/सुकुम्बासी

जिल्लाको कुल घरधुरी १०११४१ मध्ये ३४१४६ घरधुरी पूर्णतः भूमिहीन छन्, जुन कुल घरधुरीको ३३.७६ प्रतिशत हो । सन् २००४ को सप्तरी जिल्लाको डिस्ट्रिक प्रोफाइलमा उल्लेख गरिएअनुसार जिल्लामा पशुधनबाहेक अन्य केही नहुने परिवारको सङ्ख्या ५५९५(५.५%), पंक्षी धनमात्र हुने परिवार ४२८ ( ०.४%), पशुधन र पंक्षी भएका परिवार २४९९ (२.५%) र केही पनि नहुने परिवारको सङ्ख्या २५६३१ (२५.४%) छ ।

## ३.२ अधिया गरेको, मोही कायम नभएको, बेदर्ता मोही

अरुको जग्गा जोतेर त्यसबाट उब्जेको अन्न जग्गावालालाई पनि दिने र आफू पनि खाने व्यक्ति नै मोही हो। मोहीले जग्गा जोतेवापत जग्गावालाबाट पाउने जमिनको स्वामित्व नै मोहियानी हक हो। जिल्ला मालपोत कार्यालय र भूमि सुधार कार्यालय राजविराज सप्तरीले जिल्लामा त्यस्ता दर्तावाल मोहीको सङ्ख्या १७,५२४ जना रहेको देखाएको छ। जुन नेपालको कुल मोही (सरकारी अभिलेखअनुसार) सङ्ख्याको ५.१५ प्रतिशत हो । उनीहरुले जग्गा जोतेवापत मोहियानी हकका रुपमा ७५८-१९-५ जग्गा लिएका छन्, जग्गावालासँग । जिल्लामा बेदर्तावाल मोहीको सङ्ख्या करिब ५ हजार रहेको अनुमान गरिएको छ ।

तत्कालीन पञ्चायती सरकारले भूमि आन्दोलनको दबावस्वरुप २०३१ सालमा भूमि सम्बन्धमा ऐन लागू गरेर २०२१ र ०२२ सालमा दुईपल्ट गरी लागू गराउँदा धेरै जमिनदारले जग्गा लुकाउन भ्याएका थिए। २०२१ सालमा भूमिसम्बन्धी अनुसूचीको ७ नं. फारम भराउँदा नै धेरैले जग्गा लुकाए या लुकाउन भ्याए भन्ने भूमिविज्ञहरुको अभिव्यक्ति वस्तुसङ्गत नै देखिन्छ। उत्पादनको मुख्य स्रोत जग्गा सीमित व्यक्तिको स्वामित्वमा मात्र नरही न्यायोचित ढङ्गले वितरण होस् र भूमिमा वास्तविक जोताहाको पहुँच अभिवृद्धि गर्न लागू गरिएको भूमिसम्बन्धी ऐनले तराईमा खेतीका लागि २५ विघा, घर घडेरीका निमित्त ३ विघा र मोहीका लागि ४ विघा भन्दा बढी जग्गा राख्न नपाइने गरी हदबन्दी तोकियो। तर दुई चरणमा गरी लागू गरिँदा जमिनदारले जग्गा लुकाउन भ्याए, उक्त ऐनले दफा ७ को उपदफा १ बमोजिमको हदबन्दी प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेपछि त्यही दफालाई २०५८।१०।२५ मा संशोधन गरियो। संशोधित ऐनअनुसार प्रत्येक परिवारले तराईमा घडेरीका निमित्त २ विघासहित ११ विघा मात्र जग्गा

राख्न पाउने व्यवस्था गरियो । त्यही ऐनमा १६ वर्ष उमेर पुगेका छोरी एक परिवार मान्न सकिने र १६ वर्षभन्दा उमेर पुगेका छोरा र छोरीको नाउँमा उल्लिखित हदबन्दी बराबरको जग्गा राख्न सकिने व्यवस्थाले धनी किसान, जमिनदारहरुले जग्गा लुकाउन भ्याए ।

कागजीरुपमा हदबन्दीअनुसारकै जग्गा देखिएपछि कसले वा कसको नाउँमा हदबन्दीभन्दा बढी जग्गा छ भन्ने सवाल नै उठ्न सक्दैन । सप्तरीका विभिन्न व्यक्तिको सयौं विघा जमिन देखिए पनि कानूनको नजरमा हदबन्दी भन्दा बढी जग्गा राखेको देखिँदैन । तिनले आफ्नो जग्गा पुनः प्राप्त गर्न सक्ने गरी आफन्तका नाउँमा सारेर राखेका छन् ।

### ३.३. हरुवाचरुवा

हातमुख जोड्नकै लागि गाउँका गिरहत मुखियाका घरमा पसिना बगाउने हरुवा-चरुवाको नियति नयाँ नेपालमा पनि फेरिएको छैन । ८४ वर्षअघि उन्मूलन घोषणा गरिएको दास प्रथाको अवशेषका रुपमा रहेको हरुवा-चरुवा प्रथाको अस्तित्व मूलतः तराई मधेसमा बढी सङ्ख्यामा भेटिएको छ । थोरै पैसा ऋण लिएवापत वा घरायसी व्यवहार धान्न स्थानीय गिरहत मुखियाहरुसँग लिएको सानो परिमाणको अन्न, नगदवापत पुस्तौंसम्म हरुवा-चरुवा बस्नुपर्ने हरुवा-चरुवाले आफ्नो जीवनमा परिवर्तनको अनुभूति गर्न सकेका छैनन् । हरेक दिन १२-१४ घण्टासम्म काममा जोतिए पनि पेट पाल्ने समस्या गणतान्त्रिक नयाँ नेपालमा पनि त्यस्तै छ। मुलुकको शासन व्यवस्थाको नाम मात्र फेरिएको छ। त्यसका सञ्चालक र प्रमुखहरु तिनै व्यक्ति छन्, जसले हिजो हरुवा-चरुवामाथि हैकम लाद्थे ।

एक सर्वेक्षणअनुसार सप्तरीको मलेकपुर, पातो र जमुनीमध्येपुरामा जिल्लाका अन्य गा.वि.स.को तुलनामा बढी हरुवा-चरुवा पाइएका छन् । क्रान्तिकारी भूमि सुधारसँगै मुलुकको आर्थिक मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रको आमूल परिवर्तन गरी भूमिहीन, गरीब, दलित, हलिया, हरुवा-चरुवाको मुक्तिको कुरा गर्दा 'क्रान्तिकारी भूमिसुधार होइन, सम्पत्तिमाथि हदबन्दी तोकिनुपर्छ' भन्दै विरोध जनाउने तराई मधेसका नेता र दलले नै पनि हरुवा-चरुवा प्रथालाई प्रश्रय दिइरहेको सहजै बुझ्न सकिन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आर्थिक सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको उक्त सर्वेक्षणमा मलेकपुरमा ३१०, पातोमा ८२ र जमुनीमधेपुरामा ३१६ जना हरुवा-चरुवा भेटिएका छन् ।





उल्लिखित तीन गा.वि.स.मा गरिएको एक अर्को अध्ययनअनुसार ८३७ घरपरिवार पूर्णतः भूमिहीन छन् । अर्थात् ७०८ जना हरुवा-चरुवा पनि त्यही भूमिहीन परिवारका हुन भन्ने देखिन्छ । त्यस हिसाबले पनि २६५१५ जना हरुवा-चरुवा देखिन्छन् । केन्द्रकै अध्ययनले उनीहरुको ठूलो हिस्सा सप्तरीमा मात्र २४.५ प्रतिशत देखाउँछ । सप्तरी, सिरहा र धनुषाका हरुवा-चरुवामध्ये ४१.१ प्रतिशत त सप्तरमा मात्र छन् । त्यसमा पनि ७४.६ प्रतिशत त दलित मात्र भेटिनुले गरिबी, अभाव जति तिनकै थाप्लोमा परेको छ भन्ने देखिन्छ । उनीहरु राजनीतिकरुपले बोल्ने नसक्ने बनाइएका छन् ।

उनीहरुको राजनीतिक अधिकार जमिनदार गिरहतहरुको निगाहमा बन्दी बनेको छ । सामाजिकरुपले विकासको पुछारमा परेका छन् । कथित उपल्ला जातिका गिरहत जमिनदारले दिएको न्यून पारिश्रमिकले नै जीवन धान्नु उनीहरुको 'सामाजिक विकास' हो । जातीय उत्पीडन र विभेदका कारण सामाजिक विकासले हरुवा-चरुवालाई छुनै सकेको छैन भन्दा अतिशयोक्ति हुन्न । त्यस्तै, हरेक दिन बिहानदेखि साँझ अबेरसम्म जोतिँदा साहू, गिरहत, जमिनदारको आर्थिक स्तर, गाईवस्तुको सङ्ख्या र जोत्नुपर्ने खेतको परिमाणअनुसार वार्षिकरुपमा ७ देखि १० हजार रुपैयाँसम्म पाउँछन् भने धान १८ मनसम्म । दुई/तीन विघा जमिन जोत्नुपर्ने हरुवालाई तीनदेखि पाँच कट्ठासम्म खेत कमाई खान दिइन्छ, त्यो पनि सबैले पाउन सकेका छैनन् । आर्थिक स्थिति जर्जर भएपछि हरुवा-चरुवाले छोराछोरीलाई राम्रो शिक्षा दिन सकेका छैनन् । निःशुल्क शिक्षाको सरकारी घोषणाले हरुवा-चरुवाका सन्ततिलाई समेट्न सकेको छैन ।

### ३.४. बाँझो जमिन

जिल्लाको कुल जनसङ्ख्याको ठूलो हिस्सा कृषिमा निर्भर छ। एक अध्ययनअनुसार कृषियोग्य भू-भाग ६३.६% छ भने अहिले पनि ५ प्रतिशत जग्गा बाँझो छ । भूमिहीन, सुकुम्बासीले खेती गर्ने जग्गा नपाएकाले भोकै मर्ने अवस्था सिर्जना हुँदैछ भने जमिन बाँझो रहनाले उत्पादकत्व घटिरहेको छ । जिल्ला भू-संरक्षण कार्यालयको तथ्याङ्क अनुसार ६८०० हेक्टर जग्गा त्यसै खेर गइरहेको छ । त्यसो हुनाले उक्त जग्गामा उत्पादन त भएको छैन नै । बाँझो जग्गामा कर लगाउने भनिए पनि व्यवहारमा लागू भएको छैन । भूमिसम्बन्धी काम गर्ने मालपोत, नापी अनि भूमि सुधार कार्यालयसँग जिल्लाको कुन ठाउँमा कति बाँझो जग्गा छ भने यकिन तथ्याङ्क छैन ।

जिल्लामा ऐलानी र गुठीको नाममा ८३० हेक्टर ०.७ हेक्टर जग्गा पाइएको केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कमा उल्लेख छ ।

## ३.५. बेदर्ता ऐलानी

सप्तरी जिल्लास्थित नापी मेन्टेनेन्स शाखा, किसिम तेरिज वितरण तालिकाअनुसार जिल्लाभरि १२१५ विघा १६ कट्ठा आधा धुर जग्गा ऐलानी छ ।

**अभियान केन्द्रित भएका गाविसको हालसम्म गरिएका परिवेश विश्लेषणको सूचनाहरु**

| गा.वि.स | मालिकककोमा बस्ने | | ऐलानी पर्तिमा बस्ने | | गाउँ ब्लकमा बस्ने | | ऐलानी पर्ति जोत्ने | | जग्गाको क्षेत्रफल | गुठीको जग्गा जोत्ने | | जग्गाको क्षेत्रफल | अधिया बटैया जोत्ने | | मोही दर्ता तर जोत्न नपाएका | | जग्गा बाँडफाँट | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | द. | अ.द | द. | अ.द | द. | अ.द. | द. | अ.द | | द. | अ.द. | | भर्पाइ | बुझिएन | घर धुरी | जग्गाको क्षेत्रफल | घरधुरी | क्षेत्रफल |
| धरमपुर | ४४ | ४ | ८७ | ३४ | २६ | ९ | ९ | १५ | ५-३-० | - | - | - | - | ४३ | २ | १-०-० | २ | ९-१५-० |
| प्रसबोनी | १६ | ३२ | ४९ | ७ | २१९ | ४१ | १८ | ६ | ८-१०-० | - | - | - | - | २५ | ३ | ६-१६-० | - | - |
| ब्रह्मपुर | - | - | ३९ | ५ | १४४ | ४६२ | ३० | ४४ | २०-७-४ | ६ | - | - | - | १०७ | २ | ०-२-० | - | - |
| हरिपुर | २८ | ११ | ३४ | ५ | १६६ | २२७ | ७ | - | १-१५-१० | १५ | ३ | १७-१७-० | - | १४९ | १ | ०-४-१७ | - | - |
| हरिहरपूर | ३ | ७६ | ४ | १७ | १३७ | २७१ | - | - | - | - | - | - | - | ५४ | - | - | - | - |
| दलितपुर | ७५ | ३० | ६१ | २६ | ६४ | ११३ | ९७ | ५६ | ५३-१४-१५ | - | - | - | - | ८७ | - | - | ३ | ०-४-० |
| हर्दियापुर | १४ | ३८ | ७४ | १६० | ५८ | १६८ | ७० | १३५ | ९९-८-५ | - | - | - | - | ११५ | १ | १-१८-० | ३ | १-२-० |
| मधुपट्टी | ४३ | १८ | ५७ | १४ | ११० | १०८ | १५ | ५ | १३-१३-१० | - | - | - | - | १८२ | ९ | - | - | ( |
| जम्मा | २२३ | २०९ | ४०५ | २६८ | ९२४ | १४९९ | २४६ | २६१ | २०२-१२-४ | २१ | ३ | १७-१७-० | ७६३ | १८ | १०-०-० | ८ | ११-१-० | |

मालिककहाँ बस्ने : ४३२

ऐलानी पर्तिमा बस्ने : ६७३

गाउँब्लकमा बस्ने : ५०७

जग्गाको क्षेत्रफल : २०२-१२-४





*हरुवा-चरुवाको सङ्ख्या*

| क्र.सं | गा.वि.स. | जम्मा जनसङ्ख्या | हरुवा चरुवा महिला | हरुवा चरुवा पुरुष | जम्मा | दलित जनसङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | हरिपुर | ४९४५ | १०५ | ११० | २१५ | १३९९ |
| २. | मलहनिया | ७४७९ | २११ | २३४ | ४४५ | १९७८ |
| ३. | पन्सेरा | ४४३३ | ६८ | ६९ | १३७ | १२९६ |
| ४. | मौवाहा | ४०९५ | १३१ | १४७ | २७८ | ५२४ |
| ५ | बदगामा | ४०६१ | १६८ | १८० | ३४८ | ८१७ |
| | जम्मा | २५०१३ | ६८३ | ७४० | १४२३ | ६०१४ |

*हरुवा-चरुवाले जोत्नुपर्ने जग्गा र त्यसवापत प्राप्त गरेको जग्गा र खान पुग्ने समय :*

| क्र.सं. | गा.वि.स | गिरहत जग्गा | हरुवाले प्राप्त गरेको | ३ महिना खान पुग्ने | ६ महिना | ९ महिना | १२ महिना |
|---|---|---|---|---|---|---|---|
| १. | हरिपुर | १३५, ५० | १५, १५ अधिया | ३१ | ३ | | |
| २. | मलहनिया | ८३०, ५० | २९ अधिया | ६९ | ६ | १ | |
| ३. | पन्सेरा | १४७ | ९, ९, ११ | ३१ | ३ | | |
| ४. | मौवाहा | १७० | ६ | १५ | १५ | ९ | |
| ५. | बदगामा | ३४७ | ३ , ६ | ४४ | ९ | | |
| | जम्मा | | | १९० | ३६ | १० | |

*हरुवा चरुवाको शिक्षा*

| क्र.सं. | गा.वि.स. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उच्चशिक्षा |
|---|---|---|---|---|---|
| १. | हरिपुर | ७ | २ | | |
| २. | मलहनिया | ३४ | १९ | ९ | |
| ३. | पसेरा | ७ | २ | | |
| ४. | मौवाहा | २४ | | | |
| ५. | बदगामा | ९ | १२ | | |
| | जम्मा | ८१ | ३६ | ९ | |

हरुवा-चरुवाको ऋण

| क्र.स. | गा.वि.स. | धान | नगदी | मासिक | वार्षिक |
|---|---|---|---|---|---|
| १. | हरिपुर | ८ मन | ४६००० | ५ सयकडा | |
| २. | मलहनिया | | १०३६०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पंसेरा | १७ मन | १४५०० हजार | ५ सयकडा | ६० |
| ४. | मौवाहा | ४७ | २८७०० | | |
| ५. | बदगामा | | | | |
| | जम्मा | ७२ | ३१३३०० | | |

*विद्यालय जाने उमेरका बालबालिका*

| क.सं. | गा.वि.स. | ०-६ बाल | ०-६ बालि | जम्मा | ६-१२ बा. | ६-१२ बालि | जम्मा | १३-१८ बा | बालि. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | हरिपुर | २७ | १४ | ४१ | १५ | २४ | ३९ | ८ | ८ |
| २. | मलहनिया | ४३ | ३० | ७३ | ६३ | ५१ | ११४ | २५ | १७ |
| ३. | पंसेरा | ३१ | १३ | ४४ | ४१ | ४२ | ८३ | ३० | २१ |
| ४. | मौवाहा | २५ | १२ | ३७ | २२ | २५ | ४७ | १५ | १७ |
| ५. | बदगामा | ७ | ५ | १२ | १४ | ७ | २१ | ३ | ५ |
| | जम्मा | १३३ | ७४ | २०७ | १५५ | १४९ | ३०४ | ८१ | ६८ |





# खण्ड-8

# हालसम्मको उपलब्धि

काम गरेर पनि दुई छाक राम्ररी खान नपाउने भूमिहीन हरुवा-चरुवा सुकुम्बासी, कृषि मजदूर, जोताहा किसानले आ-आफ्नो जीविकाका निमित्त काम गराउने गिरहतहरुसँग कामअनुसारको ज्याला देउ भन्नु स्वभाविकै हो। तर सङ्गठित नभएका उनीहरुको मागलाई उपेक्षा गर्दै काममा जोताएर आफैं मात्र मोटाउने गिरहत जमिनदारको प्रवृत्ति प्रायः सबै ठाउँमा त्यस्तै देखियो। फलतः भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवा, कृषि मजदूरलाई सङ्गठित गर्दै सामाजिक न्याय दिलाउन साझा मञ्चका रुपमा राष्ट्रिय भूमि अधिकार मञ्चको केन्द्रीय सङ्गठन गठनपछि जिल्लास्तर हुँदै ग्रामीण क्षेत्रसम्म त्यसको सञ्जाल विस्तार गरियो। गाउँमा जहाँ उनीहरुले दैनिक १२।१४ घण्टासम्म काम त गर्छन् तर त्यसको उचित मूल्य पाउँदैनन्, त्यस्ता दुःखीले आफ्नो आवाज सशक्त बनाउन सङ्गठन बनाएर त्यसैमार्फत् अधिकारमुखी आन्दोलन चर्काउँदैछन्।

- सप्तरीमा भूमिअधिकारबाट वञ्चितहरुको ८६ वटा जनसङ्गठन गठन गरी ४ हजार ६ सय भूमिपीडित आबद्ध भएका छन्। उनीहरु जिल्ला भूमिअधिकार मञ्चका रुपमा काम गर्दै राष्ट्रिय मञ्चमा आबद्ध भएका छन्। पीडितमा आफ्नो हकदावी गर्न बहस पैरवी क्षमताको विकास भएको छ।
- पीडितको जनसङ्गठनको अगुवाईमा सप्तरीको मधुपट्टी, दौलतपुर, हरिपुर, प्रसवनी, हरिहरपुर, बदगामा, खोजपुरमा २२६ घर भूमिअधिकारबाट वञ्चितहरुले ३०० बिघा (६ करोड रुपैयाँ बराबरको खेर गई रहेको जग्गा) मा उपयोगसहित घर बनाएर बसेका छन्।
- यस जिल्लामा ९८ जना भूमिआन्दोलनको नेतृत्व गर्न सक्ने कार्यकर्ता तयार भएका छन्। उनीहरुले हरेक ठाउँमा भूमिका मुद्दालाई सशक्तढङ्गले उठाउन सक्ने भएका छन्।
- मधेसमा भूमिसुधारको मुद्दा सबै, राजनीतिक दल, सञ्चार माध्यम, जिल्लाका बुद्धिजीवीले चासो राख्न थालेका छन्।
- हरुवाचरुवा, दलित, भूमिहीनको नसुनिएका स्वर आम बहसको विषय बनेको छ। जिल्लामा भूमि आन्दोलनको प्रभाव बढ्दै गएको छ।
- संस्थाको पहलमा २५४ जना मोहीले ५३ बिघा ४ कट्ठा ५ धुर जग्गा र धनीले ५३ बिघा ४ कट्ठा ४ धुर जग्गा प्राप्त गरेका छन्।





## ४.१. भूमिअधिकार आन्दोलनको समय रेखा

भूमि र मानव जीवनबीच अन्योन्याश्रित सम्बन्ध छ। प्रकृतिप्रदत्त भूमिको अभावमा समुन्नत व्यक्ति र समाजको विकास असम्भव छ। गाँस, बास र कपास मान्छेका निम्ति आधारभूत वस्तु हुन। जुन भूमिसँग सम्बन्धित छ। भूमिमा श्रम परेपछि गाँस र कपासको व्यवस्थापन गरिन्छ र मानिसका निम्ति बस्ने घर टहरो पनि भूमिमै बनाउने हो। अझ नेपाल जस्तो विकासोन्मुख भू-परिवेष्ठित मुलुकमा त भूमिको झन ठूलो महत्व छ। कृषिप्रधान मुलुक हुनाले ९० प्रतिशतभन्दा बढी जनता कृषिमा निर्भर छन्। मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा कृषि क्षेत्रले ओगटेको छ।

तर दुर्भाग्य के छ भने भूमिमा श्रम गर्नेहरुले उत्पादन प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छन्, उनीहरुको आफ्नै स्वामित्व रहेको भने भूमि छैन। पाँच प्रतिशत परिवारको हातमा खेतीयोग्य जमिनको ३७ प्रतिशत हिस्सा छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने २९ प्रतिशत घरपरिवार पूर्णतः भूमिहीन छन्। खेतीयोग्य जमिनको ठूलो हिस्सा ओगट्ने धनी परिवार आफ्नो जमिनमा पाइलासम्म टेक्दैनन्। उनीहरु आफैं खेती गर्दैनन्। गरीब, भूमिहीनलाई जोताएर त्यसको उब्जनीले उनीहरुलाई नै कङ्गाल बनाउँछन्। भूमिमा पहुँच भए पनि स्वामित्व अर्कैको भएपछि दिनरात श्रम गर्ने गरीब भूमिहीनको स्थिति नाजुक बन्दै गएको छ।

भूमिगत परिश्रम त गर्छन् तर जीविका धान्न पनि अप्ठ्यारो भएपछि जोताउने साहू, गिरहतसँग ऋण लिएर गर्जो टार्छन्। त्यसैको ब्याजवापत वर्षौंसम्म साहू, गिरहतकै जमिन जोतिदिने भूमिहीन गरीबको सङ्ख्या नेपालमा ठूलो छ। हली, हरुवा-चरुवा, कमैया, कमलरीलगायत्का कयौं कुप्रथाले उनीहरुलाई वर्षौसम्म जग्गा जोताए पनि जग्गाको मालिक बन्नबाट वञ्चित गरेको छ। पुस्तौंपुस्ताले खेती गरिदिएवापत पनि न कहिले ऋण फछ्र्यौट हुन्छ, न कहिल्यै एक टुक्रो जमिनमा उसको अधिकार हुन्छ। अर्काको जमिनमा पसिना बगाए पनि उनीहरुको जीवन झन टीठलाग्दो बन्दै गएको छ।

सप्तरी जिल्लाकै सन्दर्भमा कुल घरधुरी एक लाख एक हजार एक सय ४१ मध्ये ३४ हजार एक सय ४६ घरधुरी (३३.७५ प्रतिशत) भूमिहीन छन्। सरकारी तथ्याङ्कअनुसार जिल्लाको परिवारको औसत आकार ५.६४ मान्दा पनि १,९२,४७० जना भूमिहीन छन् जिल्लामा। यति ठूलो सङ्ख्याको मागलाई उपेक्षा गरेर मुलुकको अग्रगामी परिवर्तन सम्भव छैन र हुन्न पनि। अर्थात् सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा भूमिको समस्या

निराकरण नगरी मुलुक समृद्धिको दिशातिर अघि बढ्नै सक्दैन । राजनीतिक व्यवस्था फेरिएर मात्र पुग्दैन, देशको अर्थतन्त्रको मेरुदण्ड कृषि क्षेत्रको आमूल परिवर्तन गर्न नयाँ ढङ्गको भूमि व्यवस्थापन गरिनुपर्छ । त्यसका निमित्त क्रान्तिकारी भूमिसुधारमार्फत् हदबन्दीभन्दा बढी भएको जग्गा सरकारले कब्जा गरी भूमिहीन सुकुम्बासीलाई बाँड्नुपर्छ ।

सामन्ती भू-स्वामित्व र उत्पादन सम्बन्ध नभत्काई मुलुकमा केही हुनेवाला छैन । धेरै घोषणा भए, भूमिसम्बन्धी उच्चस्तरीय आयोग गठन गरिए तर व्यवहारमा त्यस्ता घोषणा र आयोगले खासै प्रभाव पार्न सकेनन् । र, त पञ्चायतमा भूमिहीन, गरीब, सुकुम्बासी, हरुवा-चरुवाको स्थिति जस्तो थियो, अहिलेको परिस्थितिमा झन खस्केर गएको छ । घोषणाका बाह्य रुप क्रान्तिकारी र जनपक्षीय देखिए पनि सारतत्व भने सामन्त, जमिनदारकै पक्षपोषण गर्ने भएकाले त्यस्ता घोषणाले उनीहरुको मुहारमा खासै खुशी छाउन सकेन । उनीहरु जसले माटोसँग खेल्दै आफ्नो पुस्ता दरपुस्ता बिताएका छन्, को समग्र जीवनमा आमूल परिवर्तन ल्याउन अनि भूमिमा स्वामित्व र पहुँच सुनिश्चित गराउन भूमि अधिकारको सवाल पछिल्लो करिब दुई दशकको अवधिमा राष्ट्रिय बहसको मुद्दा बनेको छ ।

सप्तरीको सन्दर्भमा भूमि अधिकारको आन्दोलन २०५६ सालको सप्तरी-सिरहाको चर्चित सिनो बहिष्कारको आन्दोलनसँगै छिटपुटरुपमा उठ्न थालेको हो । कथित तल्लो जातिका दलितको आफ्नै स्वामित्वमा भूमि नहुनु र उनीहरु नै जातीय विभेद अनि उत्पीडनको शिकार बन्नुले भूमि नै सामाजिक पहिचान दिने एउटा अङ्ग रहेछ भन्ने शिक्षा पाए । सिनो बहिष्कार आन्दोलन लगत्तैदेखि जिल्लाको विभिन्न गा.वि.स.मा भूमि प्राप्तिको आन्दोलन उठ्न थाले । आन्दोलन सङ्गठित थिएन, त्यसैले छिटपुटरुपमा जिल्लाका विभिन्न ठाउँमा भूमिसँग सम्बन्धित गतिविधि भएका थिए । मूलतः मोही किसान, गुठीको जग्गा जोत्ने जोताहाले आवश्यक कागजातसहित सम्बन्धित निकायमा आ-आफ्नै पहलमा अधिकारको खोजी गर्ने प्रक्रिया शुरु भइसकेको थियो तर व्यवस्थित थिएन ।

भूमि अधिकारको आन्दोलनलाई सङ्गठित, व्यवस्थित र उपलब्धिमूलक बनाउन राष्ट्रियस्तरमा राष्ट्रिय भूमि अधिकार मञ्च गठन भएपछि जिल्ला तहमा पनि जिल्लास्तरीय जनसङ्गठन गठन हुन थाले । जिल्लास्तरमा भूमि अधिकार मञ्च गठनपश्चात् गाउँ-गाउँमा स्थानीय सङ्गठन गठन गरिए । सप्तरीको सन्दर्भमा राष्ट्रिय भूमि अधिकार मञ्चको जिल्ला शाखाका रुपमा जिल्ला भूमि अधिकार मञ्च गठन भयो । मञ्चसँगको सहकार्य अनि





समन्वयमा मधुपट्टीस्थित जनचेतना दलित सङ्गमले पनि जिल्लाव्यापीरुपमा आन्दोलन उठाउने प्रयत्न गर्‍यो । जिल्लाको करिब सबै गा.वि.स. मा 'जोताहाको समूह' गठन गर्ने अभियान नै सञ्चालन गरियो ।

गाउँ-बस्ती तहमै भूमिबाट वञ्चितहरुको स्थानीय सङ्गठन बन्न थालेपछि आन्दोलन अपेक्षाकृतरुपमा दबावमूलक बन्दै गयो । स्थानीय जनसङ्गठनले पनि योजनाबद्ध ढङ्गले भूमि आन्दोलन गर्ने कोसिस गर्न थाले । त्यसको परिणाम ऐलानी पर्तिमा झुप्रो हाले र बसिरहेका भूमिहीन, सुकुम्बासीले हदबन्दीका निमित्त आवाज उठाउन थाले । सङ्गमको पहलमा मधुपट्टी-६ का जमिनदार अवधलाल कलवारको जग्गामा झण्डै पाँच दशकअघिदेखि घर बनाएर बसेका ११ घर सुकुम्बासी मुसहरले पाँच कट्ठा १० धुर जग्गा आफ्नै स्वामित्वमा ल्याउन सफल भए । २०६१ जेठ २२ गते जमिनदार कलवारले मालपोत कार्यालय राजविराजमा नारायण सदा साढे तीन धुर, बन्दीलाल सदा ५ धुर, शनिचर सदा १८ धुर, मानोदेवी सदा साढे तीन धुर, मटुकलाल सदा १५ धुर र हरिलाल सदाका नाममा ५ धुर जग्गा रजिष्ट्रेशन गरिदिए ।

त्यसैगरी बुद्धिलाल सदा ४ धुर, सत्यनारायण सदा साढे चार धुर, भुटुवा सदा ५ धुर, सीताराम सदा ६ धुर, रामु सदा र सदा मुसहरले ५ धुर जग्गा आफ्नै स्वामित्वमा पाएका थिए । सप्तरीसहित अन्य जिल्लामा सुकुम्बासी भूमिहीनको आन्दोलन चर्किन थालेपछि तत्कालीन सरकारले २०६० भदौ २२ गतेको मन्त्री परिषद्को निर्णयअनुसार सप्तरी-सिरहासहित ४२ जिल्लामा स्थानीय प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक अधिकार सम्पन्न समिति गठन गर्ने निर्णय गरेको थियो । उक्त समितिले भूमिहीन सुकुम्बासीलाई घरबास भएको जग्गाको लालपूर्जा दिने, जोतभोगका आधारमा ऐलानी, पर्ति जग्गाको जग्गाधनी पूर्जासम्म दिन सक्ने अधिकार पाएको थियो । यद्यपि स्थानीय प्रशासनले 'आफूहरुलाई त्यसबारे परिपत्र नभएको' भन्दै टार्ने प्रयत्न गरेका थिए ।

राजविराजमा पत्रकार सम्मेलन आयोजना गरी समिति गठन गर्ने जानकारी दिएपछि २०६१ असार १० गते सङ्गमको पहलमा भूमिहीन, सुकुम्बासीको एक प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालयमा असार २४ गते ज्ञापनपत्र बुझायो । जसमा राजपत्रको सूचनाअनुसार तीन दिनभित्र समिति गठन गर्नुपर्ने, समितिको म्याद सदाका निम्ति खुला राख्नुपर्ने, जग्गा प्राप्तिका निम्ति निवेदन लिने प्रक्रिया थालनी गरिनुपर्ने माग त्यसमा थियो । ती मागप्रति स्थानीय प्रशासनले उदासिनता देखाए साउन ३ गते १२ घण्टे अनसनसहित जिल्ला प्रशासनमा धर्ना बस्ने निर्क्योल गरियो । अनसनसहित

धर्नामा बसेपछि त्यसको भोलिपल्ट राजविराजस्थित सबै सरकारी कार्यालय प्रमुखको बैठकमार्फत् समिति गठन गरियो । समिति बनेपछि थुप्रैले जग्गा प्राप्तिका निम्ति निवेदन दिए तापनि कार्यान्वयन गरिएन । त्यसपछि उनीहरुले भूमिहीन, सुकुम्बासी भेला भएर २०६१ असोज १३, १४ र १५ गते करिब ५ सय जनाको सहभागितामा राजविराजमा ४८ घण्टे अनसन गरे । उनीहरुको मागलाई सम्बोधन गर्नुको सट्टा ज्ञानेन्द्रले २०६२ माघ १९ गते सत्ता आफ्नै हातमा लिएपछि घुमाउरो ढङ्गले भूमिपतिलाई फाइदा पुग्नेगरी भूमि बैङ्कको अवधारणा अघि सारियो । सरकारी उदासीनताविरुद्ध २०६२ वैशाख २५ देखि सिरहा, सप्तरीका भूमिहीन, सुकुम्बासी, मोहीलाई अझै जागरुक पार्ने उद्देश्यले एक हप्ते साइकल र्‍याली मात्र गरिएन । कार्यालयहरु घेराउ, जनयात्रा, गाउँ बस्तीमा भूमिसम्बन्धी सांस्कृतिक कार्यक्रम, गाउँ शिविर, जिल्लास्तरमा छलफल, अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिए र अझै पनि गरिँदैछ ।

सरकारी उदासीनता र भूमि समस्याका सवालमा देखिएको निष्क्रियता तोड्ने उद्देश्यअनुरुप भूमिपीडितले पनि नयाँखालका गतिविधि गर्दैछन् । उनीहरुले जग्गा प्राप्तिका निम्ति दिएको निवेदन कार्यान्वयन गराउन दबावस्वरुप २०६२ भदौ २२ गते दुई घण्टा मालपोत कार्यालय बन्द गरी भिक्षामार्फत् सङ्कलित ३ के.जी. धान. २ के.जी. मकै र नगद रु. १०१।- सहित मालपोत कार्यालयमार्फत् भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पठाइएको थियो । बहुदलीय व्यवस्था पुनर्स्थापनायताको पूर्व राजा ज्ञानेन्द्रको सक्रिय शासनको १५ महिने अवधिबाहेक पटक-पटक सत्तामा पुगेका दलसम्बद्ध किसान सङ्गठनहरुले पार्टीको निर्देशनअनुसार मौसमी कार्यक्रम गरे पनि भूमि समस्याको सवालमा त्यति प्रभावकारी देखिएको छैन । साच्चै भूमिपीडितहरुको समस्यामा गम्भीर बन्दै पार्टीहरुलाई मात्र दबाव दिन सक्ने हो भने धेरै परिवर्तन देख्न सकिन्थ्यो तर ती सङ्गठनले पार्टीका लागि भोट जोहो गर्ने र पार्टीले अह्राएअनुसार गर्नेबाहेक अन्य काम गर्न सकेका देखिएन । वर्षौंदेखिको केन्द्रीकृत एकात्मक शासन व्यवस्था ढलेर मुलुक सङ्घीय राज्यमा प्रवेश गर्दैछ । करिब अढाई शताब्दीसम्म विभिन्न नाउँमा नेपालीमाथि शासन गरेको शाही राजतन्त्र खारेज भइसकेर गणतन्त्र नेपाल घोषणा भइसकेको सन्दर्भमा भूमिको समस्या हल नहुने हो भने नयाँ नेपाल निर्माण सम्भव छैन । यो राजनीतिसँग जोडिएको आर्थिक समस्या हो । यसको समाधान गर्न राजनीतिक प्रतिबद्धता र इमानदारिता खाँचो छ ।





## ४.२. भूमि अधिकार आन्दोलनको प्रक्रिया :

नेपाल कृषिप्रधान मुलुक हो । मुलुकको अर्थतन्त्रको मूल हिस्सा कृषि क्षेत्रबाट नै आउँछ । यसको अर्थ कृषि क्षेत्रको परम्परागत उत्पादन, वितरण स्वामित्व प्रणालीको आमूल परिवर्तन नगरेसम्म मुलुकको मुहार फेरिन सक्दैन । अर्थात् जमिनमा श्रम गर्नेको स्वामित्व कायम नभएसम्म उत्पादन बढ्न सक्दैन । उत्पादन बढेर पनि त्यसको उचित बजार व्यवस्थापन नभएसम्म आय बढ्दैन । परिवर्तित सन्दर्भसँगै मोही, भूमिहीनता, हलिया, हरुवा-चरुवा, उखडापीडित किसान, अव्यवस्थित तथा असुरक्षित बसोबासीको समस्या हल गर्न जरुरी छ ।

भूमिको समस्या सधैंका निम्ति हल गर्नका लागि राज्य र सरकारलाई दबाव दिनु हिजोको परिवेशमा जति जरुरी थियो, आज पनि त्यत्तिकै छ । उत्पादनको मुख्य साधन भूमिको न्यायोचित वितरण नभएसम्म सप्तरी जस्तो जिल्ला सधैं पछौटे र गरीब जिल्लाका रुपमा रहनेछ । खेतीयोग्य जमिनको ठूलो हिस्सा सीमित जमिनदारको हातमा रहनु तर श्रम गर्ने जोताहाको स्वामित्वमा जग्गै नहुनु या भए पनि नाममात्रको हुनुले समस्या जटिल बन्दै गएको छ । भूमिको सवालमा काम गरिरहेकाहरुको चरणबद्ध दबावमूलक आन्दोलनले सरकारले तत्काल केही घोषणा गरे पनि त्यसको कार्यान्वयन अत्यन्त धिमा ढङ्गले भइरहेको छ ।

'सङ्गठन, योजना, आन्दोलन, उपलब्धि, समीक्षा, सङ्गठन" को मान्यताअनुरुप भूमि अधिकारको आन्दोलनलाई तत्कालीन, अल्पकालीन र दीर्घकालीन तीन तहमा वर्गीकरण गर्दै चरणबद्धरुपमा सञ्चालन गरियो भने बढी उपलब्धिमूलक हुन सक्छ । तत्कालीनअन्तर्गत विभिन्न समयमा सरकारद्वारा गरिएका घोषणा कार्यान्वयनका लागि प्रदर्शन, ज्ञापन, सरोकारवालासँग बहस, अन्तरक्रिया, डेलिगेसन (स्थानीय समस्यासँग सम्बन्धित) लगायत्का कार्यक्रम गरिनुपर्छ । त्यस्तै अल्पकालीन कार्यक्रमअन्तर्गत स्थानीय समस्या पहिचान र छनौटपछि कार्यक्रमिक योजना निर्माण, सरोकारवालासँग सहकार्य र समन्वय, समस्यासँग सम्बन्धित योजना कार्यान्वयनमा जोड दिइनुपर्छ भने दीर्घकालीनअन्तरगत समस्याको निकासका निम्ति बनाइएका खाका कार्यान्वयन गर्न/गराउन सक्रिय रहनुपर्छ ।

## ४.३. भूमि अधिकारका लागि भएका आन्दोलन

२०६० साल असोज १५, १६ र १७ गते सप्तरीको राजविराजमा ४८ घण्टे अनसनसहित विशाल भूमिसभा, नागरिकता, आरक्षणका निम्ति सभा, नागरिकता प्राप्तिका लागि २४ घण्टे जि.प्र.का. धर्ना, सप्तरी- सिरहामा एकहप्ते भूमिअधिकार साइकल यात्रा, सप्तरीको प्रत्येक क्षेत्रमा अगुवा कार्यकर्ता निर्माण शिविर सञ्चालन, मधेसमा पटकपटक भूमि सुधारको बहस सञ्चालन, सप्तरी, सिरहा र उदयपुरमा २०६४ कात्तिकमा जातीय विभेद र भूमिअधिकार सवालमा एक हप्ते अभियानसहित लहानमा विशाल सभा, २०६५ असोज ९ गते सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरीसहित ५ जिल्लाको संयुक्तरुपमा मधेसमा भूमिअधिकार सभा सम्पन्न भएको छ ।

नेपालको सबैभन्दा बढी गा.वि.स. भएको सप्तरी जिल्लाका भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवा, कृषि मजदुर, जोताहा किसानले २०६२ वैशाखदेखि अहिलेसम्म ५० वटाभन्दा बढी गा.वि.स.मा भूमि अधिकार आन्दोलनलाई सशक्त बनाउन ६६ वटा जनसङ्गठन गठन गरिसकेका छन् । जनसङ्गठनहरुको नाम र ठेगाना निम्नानुसार छ :

| क्रसं | सङ्गठनको नाम | ठेगाना | गठन मिति | म. | पु. | द. | ज. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँ भूमिअधिकार मञ्च | मलहनमा सन्सेरपुर | ०६२।२।२७ | ३० | १४ | ४३ | १ | ४४ |
| २. | दलित जागरण मञ्च | मौवाहा | ०६२।२।२८ | २१ | २९ | ४८ | २ | ५० |
| ३. | दलित सुधार कल्याण मञ्च | बेल्ही | ०६२।२।२९ | ५५ | ५४ | १०९ | | १०९ |
| ४. | दलित एकता मञ्च | रौटहट | ०६२।२।३१ | ५० | ६९ | ११९ | | ११९ |
| ५. | गाउँ भूमिअधिकार मञ्च | हर्दिया दोभान | ०६२।८।१५ | १४ | ९ | १५ | ८ | २३ |
| ६. | गाउँ भूमिअधिकार मञ्च ८ | मलहनिया पथराहा | ०६२।५।२६ | २५ | ३० | ५५ | | ५५ |
| ७. | ,, ६ | खजनपुर भजखा | ०६२।२।२८ | १७ | ५३ | ७० | | ७० |
| ८. | ,, ,,८,९ | पटेरबाअरहा | ०६२।२।३० | २१ | ४१ | ६२ | | ६२ |
| ९. | ,, ,,१,२,४, | टिकुलिया प्रमाणपुर | ०६१।८।१९ | ६० | २० | ६६ | १४ | ८० |
| १०. | दलित भूमिहीन सङ्घर्ष मञ्च | ब्रहमपुर-२ | ,, | ३१ | ४० | ७१ | | ७१ |
| ११. | भूमिहीन कल्याण मञ्च | मधुपटी | | | | | | |
| १२. | महिला कल्याण मञ्च | कनकपुर | ,, | ९ | ५ | १४ | | १४ |
| १३. | सलहेस महिला मञ्च | कनकपुर | | १७ | ८ | २५ | | २५ |
| १४. | दलित दबाव मञ्च | दौलतपुर | २० | ४ | ७ | ११ | | ११ |
| १५. | संयुक्त सङ्घर्ष समिति | मधुपटी-६, ७ | १५ | | १७ | १७ | | १७ |
| १६. | भूमिहीन एकता मञ्च | हरिपुर | ०६१।२।२३ | ५३ | ४५ | ९८ | | ९८ |
| १७. | गाउँ भूमिअधिकार मञ्च | हरिपुर-३ | ०६१।२।२३ | २४ | २५ | ४९ | | ४९ |
| १८. | जिल्ला भूमिअधिकार मञ्च | सप्तरी | | ३५ | ११२ | १४५ | २ | १४७ |





| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९. | भूमि एकता मञ्च | परसबनी | | | ३६ | ३२ | ४ | ३६ |
| २०. | महिला एकता मञ्च | तरही | | ३१ | | ३१ | | ३१ |
| २१. | गाउँ भूमिअधिकार मञ्च | मलहनमा-४,५, | ०६२।२।१७ | ३३ | ३६ | ५९ | | ५९ |
| २२. | ,, ,, | देउरी सिम्रहा | | ३ | ४८ | ५१ | | ५१ |
| २३. | ,, ,, | धरमपुरबलुवा-१ | ०६१।३।८ | ७ | १६ | २३ | | २३ |
| २४ | ,, ,, | कन्चनपुर-४ | ०६१।४।४ | ५ | ६ | ११ | | ११ |
| २५. | ,, ,, | बदगामाभरहा-९ | ०६१।३।२५ | ६ | ११ | १७ | | १७ |
| २६. | ,, ,, | कन्चनपुर-१ | ०६१।४।३ | ३ | १३ | १६ | | १६ |
| २७. | सुकुम्बासी अधिकार मञ्च | धरमपुर-८ | ०६१।४।१ | ८ | १० | १८ | | १८ |
| २८. | दलित अधिकार मञ्च | रुपनगर-५, ६ | ०६२।११।२१ | १२ | १२ | २४ | | २४ |
| २९. | गाउँ भूमिअधिकार मञ्च | मलहनिया-७ | ०६२।१२।७ | १७ | ३१ | ४८ | | ४८ |
| ३०. | दिनाभद्री एकता मञ्च | पंसेरा सदाटोल-१ | ०६३।११।३ | २० | १२ | ३२ | | ३२ |
| ३१. | गाउँ भूमिअधिकार मञ्च | मलहनिया चन्ही | ०६२।१२।७ | २२ | २६ | ४८ | | ४८ |
| ३२. | दिनाभद्री भूमिअधिकार मञ्च | पिप्रा | | २९ | १८ | ४७ | | ४७ |
| ३३ | गाउँ भूमिअधिकार मञ्च | मलहनमाबैठार | ०६३।२।७ | ५ | ६ | ११ | | ११ |
| ३४. | ,, ,, | बलुवा | | ८ | १५ | २३ | | २३ |
| ३५. | दलित अधिकार मञ्च | रुपनगर-५,६ | ०६२।११।२१ | ५ | ४ | ८ | | ९ |
| ३६. | कन्चन भूमिअधिकार मञ्च | कन्चनपुर-५ | ०६२।१२।२६ | ८ | ५ | १३ | | १३ |
| ३७. | दिनाभद्री भूमिअधिकार मञ्च | भरहा-९, बदगमा | ०६३।१।१६ | ६ | ७ | १३ | | १३ |
| ३८. | सूर्यदय भूमिअधिकार मञ्च | तरहीहटेल | ०६३।२।३० | २८ | २६ | ५४ | | ५४ |
| ३९. | दलित अधिकार मञ्च | औरही | ०६३।२।३१ | २४ | ३० | ५४ | | ५४ |
| ४०. | हटेल भूमिअधिकार मञ्च | तरही-७ | ०६३।२।३० | २८ | २६ | ५४ | | ५४ |
| ४१. | दलित एकता मञ्च | औरही | ५।२८ | १० | २४ | ३४ | | ३४ |
| ४२. | ,, ,, | जगतपुर-४, २ | २।३० | १३ | १८ | २७ | | २९ |
| ४३. | ,, ,, | धनकटा-१ | ३,, | १५ | ९ | २१ | | २४ |
| ४४. | गाउँ भूमिअधिकार मञ्च | प्रमाणपुर | | ५६ | ७७ | १३३ | | १३३ |
| ४५ | अमहा भूमिअधिकार मञ्च | पंसेराअमहा | | १९ | २० | ३९ | | ३९ |
| ४६. | ,, | ,, ३ | | ७ | ३० | ३७ | | ३७ |
| ४७ | सुकुम्बासी अधिकार मञ्च | टिकुलिया | | २७ | २९ | ५६ | | ५६ |
| ४८. | भूमि एकता मञ्च | दौलतपुरभुसी | | ३५ | ३० | ६५ | | ६५ |
| ४९. | भूमि अधिकार मञ्च | ,, करहरबा | | १८ | ३ | २१ | | २१ |
| ५०. | ,, ,, | डिमन | | २० | १२ | ३२ | | ३२ |
| ५१. | ,, ,, | बदगमा बथनाहा | | २५ | १० | ३५ | | ३५ |
| ५२. | ,, ,, | ठेलिगा-३ | ८।३ | १३० | ३५ | १६५ | | १६५ |
| ५३. | ,, ,, | ,, -७ | ८।२२ | ४७ | १० | ५७ | | ५७ |
| ५४. | ,, ,, | महादेवपटी | | २० | ३४ | ५४ | | ५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५५. | ,, ,, | खौजपुर | | ७५ | ७० | १४५ | १४५ |
| ५६. | ,, ,, | गरुरहा | | ६० | ५० | ११० | ११० |
| ५७ | ,, ,, | अर्नाहाकुशहा | | २२ | २६ | ४८ | ४८ |
| ५८. | ,, ,, | कुशमाहार | | ३३ | ५८ | ८१ | ८१ |
| ५९. | ,, ,, | सौबरणपटी | | २५ | | २५ | २५ |
| ६०. | ,, ,, | सिम्रहा | | २५ | | २५ | २५ |
| ६१. | ,, ,, | देउरी | | २५ | | | २५ |
| ६२. | ,, ,४,५,६ | सीतापुर | | ६५ | ४८ | ८० | ११० |
| ६३. | ,,, ९ | ,, | | ४२ | २५ | ६० | ६७ |
| ६४. | ,, ७ | हरिहरपुर | | ७० | ४० | ९५ | ११० |
| ६५ | ,, ,, ७ | बिसहरिया | | ५५ | ३० | ६६ | ८५ |
| ६६. | ,, ,, ६ | ढिकुली | | ४९ | २५ | ७२ | ७४ |





# खण्ड-५

# परिवर्तनको कथा

## ५.१. खान पुग्ने जग्गा चाहियो

सामान्य हस्ताक्षरसम्म गर्न सक्ने ३५ वर्षीय मङ्गलीदेवी रामले औपचारिक शिक्षा पढ्ने मोकै पाइनन् । गरीब परिवार, बाबु अर्काको हलो जोत्ने, खानसम्म समस्या भएपछि स्कूलमा गएर पढ्ने उनको रहर कहिल्यै पूरा हुन सकेन । काममा जोतिँदा जोतिँदै बाबुको मृत्यु भएपछि दाजुभाइ कोही नभएकाले घरधन्दा र आमा धुथरीदेवी रामलाई सघाउनु उनको दैनिकी बन्न थाल्यो । बाबुले गाउँमै मौजा रहेका डिट्ठा हरिदत्तको हलो जोतेका थिए ।

सप्तरीको मधुपट्टी गा.वि.स.-७ मा माइती रहेको मङ्गलीदेवीको सिरहा जिल्लाको दक्षिणवर्ती महेशवारी गा.वि.स.-२ इटहर्वाको राजेन्द्रराम दाससँग विवाह भयो । माइतीमा कोही नभएकाले उनी विवाहपछि पनि माइतीमै बस्न थालिन् । पतिको पनि नेपाल प्रहरीमा जवानका रुपमा जागिर शुरु भयो । अहिले उनी अ.स.इ. पदमा कार्यरत् छन् । पति प्रहरीमा जागिरे भए पनि घडेरीचाहिँ गाउँब्लकको जग्गामा छ ।

बाबुको मृत्युपछि डिट्ठा हरिदत्तको जोतेको जग्गामा लेखिएको मोहियानी ह वापत पौने दुई कट्ठा जग्गा कुत बुझाएर नामसारी गराइसकेकी छन् भने अरु फच्याउन बाँकी रहेको उनको भनाइ छ । नामसारी गर्दा जग्गाधनीलाई कुत बुझाउन बाँकी रहेकोमध्ये ४६ हजार रुपैयाँ बुझाएको उनले बताइन् ।

मोहीवापत पाएको जग्गाको उब्जनीले वर्षको ५ महिना जति खान पुगे पनि बाँकी महिना अन्नपात बेसाएरै खानुपर्छ । पतिको पनि सरकारी जागिर भएकाले घरको आर्थिक समस्या हल गर्न त्यति तनाव झेल्नुपर्दैन उनले । सन्तानका नाउँमा रहेका दुई भाइचाहिँ कक्षा ६ मा पढ्छन् । मोहीवापत पाएको जग्गामा धानबाहेक मौसमले साथ दिएमा दालबाली पनि राम्रै हुन्छ । यो पल्ट समयमै वर्षा नहुँदा राम्ररी धान फल्दैन कि भन्ने चिन्ताले उनलाई घरीघरी पिरोल्छ ।

सम्पत्तिका रुपमा महेशवारीमा घर छ, तीन कोठाको पक्की घर बनाउँदा सयकडा चार रुपैयाँले दुई वर्षअघि लिएको ऋण अझैसम्म पनि फछ्र्यौट भएको छैन । घरको अतिरिक्त अन्य सम्पत्तिमा एउटा दुहुनो गाई, एक जोर परेवा छ उनको परिवारको । ब्याउँदा १ देखि डेढ लिटरसम्म दूध दिए पनि अहिले त्यति नदिने उनको भनाई थियो ।

निरक्षर भए पनि भूमिहीन, गरीब, दलितको स्थानीय भेला, छलफलमा उनी नबोलाए पनि थाहा पाएसम्म जान्छिन् । कुनै राजनीतिक पार्टीको सदस्यता नलिए पनि राजनीतिले गरीबको नाङ्गो आङ ढाक्नुपर्छ, भोको पेट भर्नुपर्छ





र बस्ने घर र अन्न उब्जाउने जग्गाको व्यवस्था गर्न सक्नुपर्छ भन्ने बुझाई छ उनको । कुनै पार्टीको सदस्य छैन ? भन्ने प्रश्न गर्न नभ्याउँदै उनी भन्छिन्- "गरीब, दलित, सुकुम्बासी, विपन्नलाई हेर्ने पार्टी नै हाम्रो पार्टी हो ।"

आफू बसेको गाउँ समाजमा दलितकै सङ्ख्या बढी भएकाले छुवाछुतको पीडा भोग्नु नपरेको उनको अनुभव छ, तर उपल्ला जाति अल्पसङ्ख्यक भए पनि बेलाबखत जातीय दम्भ देखाउने गरेको सुनाउन पनि उनले बिर्सिनन् । दलितकै पहलमा स्थापित दलित जनसङ्गठनहरु अझ सशक्त र सक्रियरुपमा लागेर राजनीति गर्ने पार्टीहरुलाई जनमुखी राजनीति गर्न दबाव दिनुपर्ने उनको सुझाव छ । उनले भनिन्- "खान, लाउन मात्र होइन, रोगब्याधी लागेर जीवनमरणको दोसाँधमा पुग्दा पनि ओखती उपचारसम्म नपाएर ज्यान गुमाउनुपर्ने अवस्था नआओस् नयाँ नेपालमा पनि ।" गरीबको, छुवाछुतको र जातीय विभेदको मूल जड आर्थिक पराधीनता हो भने त्यसको अन्त्य भूमि प्राप्तिले गर्न सक्छ । त्यसैले काम गरिरहेका तर आफ्नै स्वामित्वमा जग्गा नभएका भूमिहीनलाई खान पुग्ने जमिन दिनुपर्ने उनको माग छ ।

## ५.२. दुःखीहरू सशक्त हुनुपर्‍यो

सप्तरीको मधुपट्टी-७ कनकपुरका नारायण सदाको तीन पुस्ता त्यहीँ आएर बसेको छ । दुई भाइ, छोरा, श्रीमतीसहित सामान्य खेतीपाती, कृषि मजदूरी र झार जङ्गल गरेर जीविका धानिरहेका छन् उनले । उनको फुसको घर गाउँब्लकको जग्गामा छ । घर भएका जग्गा गाउँब्लकको भए पनि स्थानीय स्तरमा जातीयरुपले ठूलो भनाउनेहरुले अप्ठ्यारोमा पारेको दुःखेसो गरे उनले । घडेरीका रुपमा रहेको करिब १५ धुर जग्गा पनि स्थानीय बिन्दीलाल चौधरीले मालपोतका कर्मचारीलाई प्रभावमा पारेर सुटुक्क आफ्नो नाउँमा रजिष्ट्रेशन गरे पनि उपभोग भने नारायण आफैं गर्दैछन्, अहिलेसम्म । किन ? भन्ने प्रश्नको जवाफमा उनी भन्छन्- "दलित दलितको स्थानीय सङ्गठन देखेर ऊ हच्किएको छ ।" भूमिहीनहरुको सङ्गठन देखेर बिन्दीका बाबु अवधलालले जग्गा देउ भन्न नसकेको नारायण गर्वसाथ सुनाउँछन् ।

आफ्नै नाउँमा रहेको ५ कट्ठा १६ धुर जग्गामा खेतीपाती गर्ने, आफ्नो सकेपछि गाउँमा कृषि मजदुरी गर्ने, त्यो पनि पाउन छोडेपछि झार, जङ्गल गरेर जीविका चलाउने आदि उनको दिनचर्या हो । उनी आफ्नो गाउँमा

रहेको जनचेतना दलित सङ्गमको पहलमा गठित जनसङ्गठनमा अभियान सदस्यका रुपमा पनि चिनाउँछन्, आफूलाई। उनका बाबु फागु सदाले स्थानीय जमिनदार डिट्ठा हरिदत्तको साढे आठ कट्ठा जग्गा अधियामा कमाएका थिए २०२४।२५ सालतिर। त्यसवापत उनले आफ्नो घरमा रहेको एउटा गोरु दिएका थिए, डिट्ठालाई। गोरुसँग फेरबदल भएको जग्गा फागुले छिमेकी रामफल सदालाई दिएका थिए कमाउन।

छिमेकी भनेर कमाउन दिएको जग्गा त भित्रभित्रै डिट्ठासँग मिलेर ४ कट्ठा रजिष्ट्रेशन गरिसकेछन्। धान काट्ने बेलामा त्यसको पोल खुल्यो। विवाद बढ्दै जाँदा फागुले पनि आफ्नो घरमा पालेको डिट्ठाको गाईको बाच्छो बोचिदिए। फलतः उनलाई कडरबोना प्रहरी कार्यालयसम्म पुऱ्याइयो। छलफलका क्रममा सबै कुरा खुलेपछि ठिट्ठाले बाच्छोको मूल्य लिने र जग्गा फिर्ता गरिदिनेमा सहमति भयो।

जग्गा नापी गर्दा ७ कट्ठा साढे १२ धुर मोहीवापत बाबुले पाउने देखिएपछि त्यसको आधा हिस्सा आफ्नो बाबुले पाएको उनले सुनाए। अहिले नारायण त्यही जग्गामा खेतीपाती पनि गर्छन् र बाँकी समय अन्य काम गर्छन्। त्यस जग्गाको उब्जनीले मुस्किलले पाँच महिनासम्म खान पुग्छ, उनको परिवारलाई। बाँकी महिना अन्न बेसाएर खानुपर्छ।

घरायसी सम्पत्तिका रुपमा दुईवटा फुसको घर, दुई वटा बाख्रा, दुईवटा खसी र एउटा पाठो छ। त्यसको अतिरिक्त तीन दर्जन जति कुखुरा पनि पालेका छन् उनले। गाह्रो साह्रो पर्दा त्यही बेचबिखन गरेर घरायसी गर्जो टार्दैछन् उनी। सामान्य खेतीपाती र कृषि मजदूरीले मात्र नधान्ने देखेपछि उनले पछिल्लो माघमा स्थानीय स्तरमा गठन भएको आयआर्जन समूहमा बसेर लहानस्थित छिमेक विकास बैंकबाट चार हजार रुपैयाँ ऋण लिएका थिए। त्यसैले घरायसी व्यवहार धानेको उनले बताए। "त्यसमध्येको ५ सय रुपैयाँ छिमेकी बिसुन सदायलाई दिए पनि फिर्ता गरेका छैनन्"- उनी भन्छन्।

साक्षरसम्म रहेका उनलेचाहिँ आफ्ना छोरा पढाउने सुर कसेका छन्। एउटा छोरो कनकपुर गा.वि.स.मा कक्षा-२ मा पढ्दैछन् भने कान्छो छोरो स्कूल जाने उमेर नभएको उनले बताए। आफ्नै स्वामित्वमा जग्गा जमिन भएपछि सोभै कसैले हेप्न नसकेको उनको अनुभव छ। कृषि मजदूरमा जाँदा स्थानीय ठूला जातिका भनिनेले पातमा खान दिने गरेको दुःखेसो पोख्छन् नारायण। उनले स्थानीय यादव समुदाय त्यो मामिलामा अगाडि रहेको बताए। स्थानीयस्तरमा सक्रिय राजनीतिक दलहरुमा प्रत्यक्षतः उनको





संलग्नता छैन। स्थानीय राजनीतिक छलफल भेलामा बोलाएसम्म जान्छन्। त्योभन्दा बढी जागरुकता भूमिहीन सुकुम्बासीको भेलामा चाहिँ जसरी पनि पुग्नैपर्छ उनलाई। भेलामा पुगेपछि आफैं जस्ता दुःखीलाई कुरा पनि राख्न भ्याइहाल्छन्- "दुःखी गरीबले सङ्गठित र सशक्त भएर भेद्भाव असमानता हटाउन उठ्नुपऱ्यो।"

जग्गा नभएका सुकुम्बासी गरीबलाई खान पुग्ने जमिन दियो भने आर्थिक असमानता मात्र हट्दैन, गरिबी, अभाव, उचनिच, भेदभाव पनि हटेर समृद्ध र समुन्नत समाज हुँदै नयाँ नेपाल बन्न सक्ने उनको ठम्याई छ।

## ५.३. "अध्यक्ष" हस्तक्षेप गर्ने हिम्मत गर्दैनन्?

सप्तरीको पश्चिमवर्ती दौलतपुर गा.वि.स.-५ कडहर्वास्थित बिसनरियाकी ४० वर्षीय चन्देश्वरी सदाय लेखपढ गर्न त जान्दिनन् तर औपचारिक भेटघाट, सामाजिक छलफलमा तार्किक कुरा भने धक खोलेर राख्न सक्छिन्। उनको त्यति क्षमता नहुँदो हो त उनीसहितको ५५ घर दलितको बस्ती जेठ ३० गते खरानी हुन्थ्यो।

उनको टाउको लुकाउने सानो झुप्रो कदमाहा-गाईघाट राजमार्ग खण्डको कडहर्वादेखि करिब १ कि.मी. पूर्वस्थित बिसनरिया दह किनारमा छ। उनको घर गरीब दुःखीहरुको बस्तीमा पर्छ। उनीहरु त्यहाँ बस्न थालेको करिब ७ महिना पुग्न लाग्यो। गाउँको मुखिया गिरहतहरुको हेपाई र चेपाइमा बस्न नसक्ने भएपछि बस्ने ठाउँको खोजी गर्दै उनी पनि दुई छोरा, ३ छोरी र पति बिहारी सदायसहित त्यहाँ पुगेकी थिइन्। गाउँको सुकुम्बासी, भूमिहीन बसेका ऐलानी, पर्ती, गाउँब्लकको जग्गामा पनि छेउछाउमा जग्गा भएका गिरहत मुखियाले आँखा लाउन थालेपछि सुकुम्बासी लालाबालासहित त्यहाँ सरेका थिए।

दह किनारमा सरेपछि पनि गाउँका मुखिया गिरहतले निहुँ पाइहाले, 'सबैको गौचरण मासियो, वरपरका गाउँका वस्तुभाउले पानी पिउने दह पुरिने भयो, गाउँलेको वन मासिने भयो' भन्दै जिल्ला वन कार्यालय गुहार्न थाले। वन तस्करले दिनदहाडै वन फँडानी गरेर रुख कटाउँदा पनि नदेख्ने, थाहा नपाएझैं गर्ने वन कार्यालयका कर्मचारी 'गाउँलेको उजुरीपछि हँ ! वन अतिक्रमण भयो' भन्दै बस्ती हटाउन कस्सिए। वन कार्यालयका सहायक वन अधिकृत अनिरुद्र ठाकुरको नेतृत्वमा ८।१० जना वन कर्मचारीको डफ्फा कडहर्वा ओर्लियो, जेठ ३० गते बिहानै।

गरीब, भूमिहीनको बस्तीमा आगो लाउन सिङ्गो गाउँका मुखिया जमिनदारले बिसनरिया दहकै माछा मारेर वन कार्यालयका हाकिमसहित अन्य कर्मचारीलाई झम्के झोलसहित टक्र्याए, खारिएर आएका कर्मचारीले पनि मध्याह्न १२ बजे धित मरुन्जेल खाए। त्यसपछि शान्ति सुरक्षाका निम्ति भन्दै कडरबोनास्थित सशस्त्र प्रहरी बेसक्याम्प र इलाका प्रहरी कार्यालयबाट हतियार र सञ्चार सेटसहित एक दर्जन प्रहरीसमेत झिकाइयो। प्रहरीको घेरामा गाउँले पछि लाएर वन अधिकृतसहितका कर्मचारी १ बजे पुगे बस्तीमा।

दलितहरु एकछिन त अत्तालिए तर हरेस खाएनन्। दौलतपुर गा.वि.स. वडा नं. ४, ५ र ६ स्थित फूलबारी नमूना सामुदायिक वन क्षेत्रको सन्यासी स्थानमा अपराह्न पौने दुई बजेपछि घम्साघम्सी पऱ्यो। वन अधिकृत ठाकुरले 'वन अतिक्रमण भयो, यो जसरी पनि हटाउनुपर्छ' भन्न नभ्याउँदै चन्देश्वरी सदाय नै हुन, जसले 'बस्ने ठाउँ दिनुस्, होइन भने हाम्रो छाप्रो हटाउने अधिकार तपाईंलाई कसले दियो' भन्दै कड्किइन्। ठाकुरचाहिँ 'वन क्षेत्र अतिक्रमण गेर बस्न मिल्दैन' भन्दै आफ्नो कुतर्कको पुष्ट्याई गर्न खोज्दै थिए।

अन्ततः दुवै पक्षबाट चार घण्टाको घम्साघम्सीपछि असार १८ गतेसम्म उपयुक्त स्थान छनौट गरेर सुकुम्बासीलाई दिने सहमति भयो। त्यसको जिम्मेवारी सामुदायिक वनका सदस्यले लिएका थिए तर असारको १८ गतेसम्म कोही पनि मुखिया गिरहत 'जग्गा खोज्यौं, त्यहाँ सर्ने तयारी गरौं' भन्न नआएको उनले सुनाइन्। सामुदायिक हितका निम्ति अग्रसर भएर बोल्नेमात्र होइन, वरपरका जुन गाउँका भूमिहीन सुकुम्बासीले बोलाए पनि पुगिहाल्ने बानी परेको छ, उनलाई। र त, गाउँतिर जाँदा उपल्ला जातिका भनिनेहरुले 'दलितको नेता आई' भनेर खिसिट्युरी गर्ने गरेको उनको नमीठो अनुभव छ।

अहिले उनी बस्तीकै भूमिहीनहरु सङ्गठित भएको सन्यासी भूमि अधिकार मञ्चको अध्यक्ष र राष्ट्रिय भूमि अधिकार मञ्चको सदस्यका रुपमा भूमि अधिकार आन्दोलनमा सक्रिय छन्। आफ्नो सम्पत्ति भन्नु ३ कट्ठा ऐलानी जग्गा छ, उनको। त्यसबाट उब्जने करिब ५ मन अन्नले मुस्किलले एक महिनासम्म धान्छ। त्यसपछिको बाँकी महिना झार, जङ्गल, गाउँ घरमा मेलापात, बनिबुतो गरेर जीविका धान्छन्। 'त्यो पनि नपाइए भोकै बस्नुपर्छ' उनले भनिन्। 'सामान्य फुसको झुप्रोमा पति-पत्नीसहित ५ छोराछोरी बस्न समस्यै हुन्छ'- उनका पति बिहारीले भने।





'अधियामा पालेको भैंसी पनि अगामी भदौमा ब्यायो भने महुली सामुदायिक विकास केन्द्रबाट वर्ष दिनअघि लिएको ८ हजार ऋण तिर्न सकिन्छ कि' भन्ने आशा उनका छ। अहिले पनि बनिबुतो र झार, जङ्गल गरेर पाक्षिकरुपमा ५२० रुपैयाँ किस्ता बुझाइरहेको उनले बताइन्। दुःखै गरे सही, जेठो छोरो समुजलाई कडहर्वा स्कूलमा कक्षा ५ मा पढाउँदैछिन् भने माहिली छोरी सुमिलालाई कक्षा-४ मा। कान्छो छोरो अनिल पनि कक्षा-१ मा पढ्दैछ, त्यो पनि अप्ठ्यारै छ।

आफ्नो बस्तीमा गरीब दुःखीमात्र रहेकाले जातीय र लैङ्गिक विभेद नहुने उनको कथन छ। बरु हरेक महिनाको १० गते मञ्चको बैठक बस्छ। 'गाउँघरको छलफलमा बोलाउँछन्, त्यहाँ गएर आफूले बुझेको कुरा राख्न सक्छु', उनले भनिन्- 'त्यसले सामुदायिक सङ्गठन बलियो मात्र भएको छैन, हाम्रो एकताका अगाडि कसैले हस्तक्षेप गरिहाल्ने हिम्मत गर्दैनन्।' 'नयाँ नेपालमा त गरीब दुःखीले पनि खान पुग्ने जग्गा पाउनुपऱ्यो नि'- उनको बुझाई छ।

## ५.४. मर्ने बेलामा परिवारमा खुशी आएको छ

सप्तरीको मधुपट्टी गा.वि.स. वार्ड नं. ३ बस्ने ७२ वर्षीय फुलाइ राम पुस्तौंदेखि मधुपट्टीकै जमिनदार गणेश खरेलकहाँ काम गर्दै आए पनि उनले २०१५ सालदेखि जोत्दै आएको २ बिघा ७ धुर जग्गामा मोहियानी कायम हुन सकिरहेको थिएन। जग्गाधनीलाई भने पनि 'पछि पछि भइहाल्छ' भन्दै आलटाल गर्दै आए। उनले जोतेको जग्गाको प्रमाणका रुपमा २०२२ सालको स्थायी निस्सा मात्र थियो। 'मोही हुन दिन्न' भन्दै जमिनदारले उनलाई बेलाबखत तर्साइरहन्थे। त्यसका लागि जमिनदारले जोत्दै आएको जग्गाको बाली खोस्ने, लुटपाट गर्ने गर्थे। जग्गा खोस्ने षडयन्त्रअनुरुप जमिनदारले भित्रभित्रै छोरा पुष्कर खरेल, छोरी अमिरका खरेल र राजराजेश्वरी खरेलको नाममा नामसारी गरिदिए। उनले भने- 'मैले जग्गा जोत्दै थिएँ, २०६० सालमा द्वन्द्वकालको फाइदा उठाउँदै जमिनदारले अनेक धाकधम्की देखाएर जग्गा खोस्यो।'

जग्गा खोसेपछि रामको ११ जनाको परिवारको हातमुख जोड्नसमेत धौ धौ पर्ने दिन शुरु भयो। त्यही वर्ष उनले ८ कक्षामा पढ्दै गरेका दुई नातिलाई पनि विद्यालय छोडाएर रोजगारीका निम्ति अन्यत्र पठाए। जोत्दै आएको जग्गा खोसिएपछि उनले हारगुहार गरे, कतै सुनुवाई भएन।

२०६० सालमै जनचेतना दलित सङ्गमले स्थानीय स्तरबाट भूमि आन्दोलन शुरु गरेको थियो । त्यसै क्रममा फुलाइ राम पनि स्थानीय भूमिअधिकारको जनसङ्गठनमा आबद्ध भए। उनले सङ्गठनमा सबै समस्या सुनाए। सङ्गममा घटनाबारे प्रारम्भिक रिपोर्ट सहजकर्ता र जनसङ्गठनमा व्यापक छलफल गरेर मोहीसम्बन्धी सबै प्रमाण जुटाइयो। त्यही वर्ष जिल्ला भूमिसुधार कार्यालयमा मुद्दा दर्ता गरी मुद्दाको बहसका क्रममा संस्थामार्फत् कानूनी सहयोग, डेलिगेशनलगायत्का काममा सहयोग उपलब्ध गराइयो। २०६५ साउन २७ गते मुद्दाको फैसला फुलाइ रामको पक्षमा भयो ।

वर्षौंदेखि जोत्दै आएको जग्गामा फैसलाअनुसार मोहयानी हक कायम भएपछि यो वर्षदेखि रामले २ बिघा ७ धुर जग्गा पाए। उक्त जग्गाको मूल्य ५ लाख रुपैयाँ बराबर छ। रामले मोहियानीका रुपमा पाएको उक्त जग्गा त्यस क्षेत्रकै राम्रो उब्जनी हुने जग्गामा पर्दछ। रामलाई ११ जनाको परिवार पाल्न सहज भएको छ। जग्गा पाएपछि विद्यालय छोडाएर रोजगारीका लागि अन्यत्र पठाएका नातिहरुलाई फर्काएर गाउँकै प्र.वि.मा भर्ना गरिदिएका छन्। जीवनको उत्तरार्द्धमा आएर जीवनभरि पसिना बगाएको जग्गाको मालिक बन्न पाएकोमा उनी फुरुङ्ग छन्। उनले भने- ‘अहिले पाएको सबै जग्गामा दालबाली लगाएको छु।’ जग्गालाई सुरक्षित गर्न सबैले भूमिअधिकार आन्दोलनमा लागिरहनुपर्ने उनको कथन छ।

## ५.५. भूमि आन्दोलनको अगुवा सूची

स्थानीय जनसङ्गठनले भूमि अभियानकर्ताको पहल, सहयोग र सुझावअनुसार स्थानीय भूमिहीनका समस्या सङ्गठितरुपमा उठाउँदै आएका छन्। जिल्लामा त्यस्ता भूमि अभियानकर्ताको सङ्ख्या ९६ जना पुगेको छ। उनीहरु स्वयं पनि स्थानीय जनसङ्ठनमा आबद्ध छन्। उनीहरुको नाम, आबद्ध जनसङ्गठन र ठेगाना निम्नानुसार छ :

| क्रसं | नाम | ठेगाना | आबद्धता |
|---|---|---|---|
| १. | बलदेव राम | मधुपट्टी-६, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| २. | ठकन राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ३. | बेचनीदेवी सदा | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ४. | रामलखन राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ५. | गणेशप्रसाद राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |





| | | | |
|---|---|---|---|
| ६. | शिवकुमार पासवान | मधुपट्टी-७, १८०४७१९२६५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ७. | सबुरलाल राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ८. | रामनारायण राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ९. | इन्द्रप्रसाद राम | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| १०. | बेलीदेवी | मधुपट्टी-७, ०३३६९१०१५ | रा.भू.अ.म./ज.चे.द.स. |
| ११. | विन्देश्वर राम | मधुपट्टी-३ | गाउँ भू.अ. मञ्च |
| १२. | फतुरी राम | मधुपट्टी-३, ०३३६९१०१५ | गाउँ भू.अ. मञ्च |
| १३. | भोलादेवी सदा | मधुपट्टी-३, ०३३६९१०१५ | जि.भू.अ. मञ्च |
| १४. | बिलट सदा | मधुपट्टी-३, ०३३६९१०१५ | गा.भू.अ. मञ्च |
| १५. | भोलादेवी राम | दौलतपुर-४, ०३३६९१०१५ | गा.भू.अ. मञ्च |
| १६. | हरि पासवान | दौलतपुर-८ | गा.भू.अ. मञ्च |
| १७. | गुलावदेवी राम | हरिपुर-४ | रा. भू.अ. मञ्च |
| १८. | भोलादेवी वि.क. | हरिपुर-४ | जि. भू.अ. मञ्च |
| १९. | सुशीलादेवी वि.क. | हरिपुर-४ | गा.भू.अ. मञ्च |
| २०. | सतनीदेवी पासवान | हरिपुर-३ | गा.भू.अ. मञ्च |
| २१. | लक्ष्मण राम | हरिपुर-९ | अध्यक्ष/भू.अ. मञ्च |
| २२. | चन्द्रदेव राम | हर्दिया-९ | गा.भू.अ. मञ्च |
| २३. | छेदी राम | हर्दिया-९ | गा.भू.अ. मञ्च |
| २४. | विन्दादेवी वि.क. | हर्दिया-४ | गा.भू.अ. मञ्च |
| २५. | सुकरत सदा | पिप्रा पश्चिम | गा.भू.अ. मञ्च |
| २६. | श्रीदेवी सदा | पिप्रा पश्चिम | गा.भू.अ. मञ्च |
| २७. | सुकरेत मण्डल | मलहनिया, खजनपुर | गा.भू.अ. मञ्च |
| २८. | सुनर राम | मलहनमा | गा.भू.अ. मञ्च |
| २९. | दुर्गाप्रसाद राम | मलहनियाँ | गा.भू.अ. मञ्च |
| ३०. | दुःखी राम | हरिपहरपुर-२ | रा.भू.अ.मञ्च/अध्यक्ष/ सप्तरी |
| ३१. | कमानन्द राम | हरिपहरपुर-२, ०३१६९०२४५ | ज.द.स. |
| ३२. | झारवोदेवी सरदार | प्रसवनी | रा.भू.अ.मञ्च/जिल्ला सदस्य |
| ३३. | बेचन मण्डल | सीतापुर, इटहर्वा | गा.भू.मञ्च/क्षे.स. |
| ३४. | रामलगन सदरदा | प्रसवनी | गा.भू.मञ्च/क्षे.स. |
| ३५. | बच्चेलाल सरदार | प्रसवनी | गा.भू.मञ्च/क्षे.स. |
| ३६. | मञ्जू वि.क. | कन्चनपुर ९८०४७००४०५ | सरोकार समूह |

| | | | |
|---|---|---|---|
| ३७. | जीतबहादुर वि.क. | रुपनगर, बस्तीपुर | जि.भू.अ.मञ्च |
| ३८. | शान्तिदेवी सरदार | रुपनगर, बस्तीपुर | गा..भू.अ.मञ्च |
| ३९. | भोला पासवान | कन्चनपुर | अभियानकर्ता |
| ४०. | राजकुमार पासवान | कन्चनपुर, पत्रकार | अभियानकर्ता |
| ४१. | सुकरैत सदा | राजविराज | रा.भू.अ.मञ्च/जि.स. |
| ४२. | पारोदेवी मण्डल | विष्णुपुर रञ्जितपुर | रा.भू.अ.मञ्च/जि.कोषाध्यक्ष |
| ४३. | युक्तिलाल मरिक | छिन्नमस्ता, ९८४२८२०५६४ | रा.भू.अ.मञ्च/जि.स. |
| ४४. | जितु राम | विष्णुपुर | रा.भू.अ.मञ्च/जि.स. |
| ४५. | घुरन सदा | पकरी | सदाय सङ्घ |
| ४६. | इन्द्रदेव राम | राजविराज | ज.चे.द.सं. |
| ४७. | लक्ष्मण राम | ब्रह्मपुर | गा.भू.अ.मञ्च |
| ४८. | फतर सदा | ब्रह्मपुर | गा.भू.अ.मञ्च |
| ४९. | दरो राम | ब्रह्मपुर | गा.भू.अ.मञ्च |
| ५०. | रामदेव सदा | पार्सा-८ | गा.भू.अ.मञ्च |
| ५१. | सुरेश सदा | पार्सा-८ | अभियानकर्ता |
| ५२. | दीपेन्द्र राम | तरही | अभियानकर्ता |
| ५३. | उषादेवी | तरही | रा.भू.अ.मञ्च जि.स. |
| ५४. | शिवेन मण्डल | देउरी | गा.भू.अ.मञ्च |
| ५५. | भोला दास | सौवरनपट्टी | गा.भू.अ.मञ्च |
| ५६. | रामप्रित राम | देउरी | अभियानकर्ता |
| ५७. | दर्शन मण्डल | हरिपुर | हरुवा-चरुवा अधिकार मञ्च |
| ५८. | गोसाई वि.क. | बनौली | जनसङ्गठन |
| ५९. | जिरु सदा | पिप्रा पश्चिम तेत्हरी | जनसङ्गठन |
| ६०. | हिरनमाया मगर | हर्दिया | जनसङ्गठन |
| ६१. | भदै मण्डल | टिकुलिया | जनसङ्गठन |
| ६२. | राजकुमारी वि.क. | टिकुलिया | जनसङ्गठन |
| ६३. | गुणदेव विश्वकर्मा | टिकुलिया | जनसङ्गठन |
| ६४. | गुणदेव विश्वकर्मा | महलनमा शमशेरपुर | जनसङ्गठन |
| ६५. | सुगियावती सदा | महलनमा शमशेरपुर | जनसङ्गठन |
| ६६. | अमिखादेवी पासवान | मलहनमा | जनसङ्गठन |
| ६७. | राजकुमार पासवान | ओरहा पटेर्वा | जनसङ्गठन |





| | | | |
|---|---|---|---|
| ६८. | पुनमदेवी पासवान | ओरहा पटेर्वा | जनसङ्गठन |
| ६९. | बिसन मण्डल | सारश्वर-८, कुसमाहर | जनसङ्गठन |
| ७०. | पार्वतीदेवी मण्डल | सारस्वर-८ कुसमाहर | जनसङ्गठन |
| ७१. | जगदीश मण्डल | अर्नाहा, कुसहा | जनसङ्गठन |
| ७२. | भोला सदा | अर्नाहा, कुसहा | जनसङ्गठन |
| ७३. | गेलेती राम | मौवाहा | जनसङ्गठन |
| ७४. | रामसती देवी दास | मौवाहा | जनसङ्गठन |
| ७५. | गुलेली पासवान | बेलही | जनसङ्गठन |
| ७६. | सरस्वती वि.क. | बेलही | जनसङ्गठन |
| ७७. | फुलोदेवी राम | मलहनमा पथराहा | जनसङ्गठन |
| ७८. | रामकुमार दास | रौतहट-६ | रा.भू.अ.मञ्च, जि.स. |
| ७९. | हरिहरवती सदा | पन्सेरा | जनसङ्गठन |
| ८०. | सीता दास | पन्सेरा | जनसङ्गठन |
| ८१. | मितल राम | पकरी, करसाही | जनसङ्गठन |
| ८२. | धनेश्वर सदा | पकरी फरसाही | जनसङ्गठन |
| ८३. | कृष्णबहादुर परियार | धरमपुर-१ | जनसङ्गठन |
| ८४. | भीमबहादुर सुस्लिङ्ग | पिप्रा चहका | जनसङ्गठन |
| ८५. | कारीचन्द सदा | दौलतपुर | चरुवा जनसङ्गठन |
| ८६. | लालियादेवी सदा | मधुपट्टी | चरुवा जनसङ्गठन |
| ८७. | सियावतीदेवी राम | औरही | चरुवा जनसङ्गठन |
| ८८. | सोमन सदा | फत्तेपुर, कटैया | जनसङ्गठन |
| ८९. | तारावतीदेवी सदा | पातो | जनसङ्गठन |
| ९०. | जीवन राम | बिसहरिया-६ | जनसङ्गठन |
| ९१. | जोगिन्द्र राम | बथनाहा-३ | जनसङ्गठन |
| ९२. | खटर सदा | मलेखपुर-९, मुसहर्निया | जनसङ्गठन |
| ९३. | सूर्या सदा | बरही वीरपुर-३, हाटी | जनसङ्गठन |
| ९४. | रामचन्द्र सदा | पकरी-२ सोनादा | जनसङ्गठन |
| ९५. | श्रीकान्त सदा | तरही-३ | जनसङ्गठन |
| ९६. | श्रीकान्त सदा | तरही-९ | जनसङ्गठन |
| ९७. | फुर्तिमान राई | खोजपुर | चुरे |
| ९८. | चन्द्रबहादुर राई | कल्याणपुर मभ्फौ | चुरे |

*सरोकारवालाको नाम र ठेगाना :*

| सि.नं. | सरोकारवालाको नाम | ठेगाना | फोन नं. |
|---|---|---|---|
| १. | जिल्लाका गाउँ विकास समितिका कार्यालयहरु | | |
| २. | राजविराज नगरपालिकाको कार्यालय | राजविराज | ०३१-५२०६४३ |
| ३. | जिल्ला विकास समितिको कार्यालय | राजविराज | ०३१-५२०२१०/५२१७२३ |
| ४. | जिल्ला प्रशासन कार्यालय | राजविराज | इा ०३१-५२०६२४<br>च ०३१-५२००७४<br>:। ९८५२८२०३६६ |
| ५. | मालपोत कार्यालय | राजविराज | ०३१-५२००६८ |
| ६. | नापी शाखा कार्यालय | राजविराज | ०३१-५२०२७९ |
| ७. | भूमिसुधार तथा व्यवस्था कार्यालय | राजविराज | ०३१-५२००६४ |
| ८. | जिल्ला कृषि विकास कार्यालय | | ०३१-५२००५० |
| ९. | जिल्ला शिक्षा कार्यालय | | ०३१-५२००५८ |
| १०. | जिल्ला प्रहरी कार्यालय | | ०३१-५२००५५, ५२१६१३ |
| ११. | जिल्ला जनस्वास्थ्य कार्यालय | | ०३१-५२१६०६ |
| १२. | जिल्ला वन कार्यालय | | ०३१-५२००८२ |
| १३. | जिल्ला भू-संरक्षण कार्यालय | | ०३१-५२००७० |
| १४. | नेपाल बार एसोसिएसन | | ०३१-५२३१३२ |
| १५. | गैरसरकारी संस्था महासङ्घ | | |





# खण्ड-६

# जिल्लागत सवाल, अडान र विकल्प

सप्तरी मुलुककै सबैभन्दा बढी गा.वि.स. भएको जिल्लामात्र होइन, सबैभन्दा बढी दलित बसोबास गर्ने जिल्ला पनि हो । कथित सानो जात भएकैले सिनो फाल्नुपर्ने सामाजिक परम्परा तोड्दै सिनो फ्याँक्न बहिष्कार गर्ने जिल्लाका दलित क्रमिकरुपमा भूमि अधिकार आन्दोलनमा सङ्गठित हुँदैछन् ।

जिल्लाको जनसङ्ख्या ५७०२८२ को २५.२० प्रतिशत दलित हुनु र उनीहरुको ठूलो हिस्सासँग आफ्नै स्वामित्वको जग्गा नहुँदा समस्या जटिल बनेको छ । जिल्लाको घरधुरी १०११४१ मध्ये ३३.७६ प्रतिशत अर्थात् ३४१४६ घरधुरी पूर्णतः भूमिहीन हुनुले स्थिति कति बिकराल छ भन्ने पुष्टि हुन्छ । घामपानी छेक्ने छाप्रो ठड्याउने माटो पनि आफ्नो छैन, तर जीवन भने जीविकाका निम्ति माटोसँग खेल्दाखेल्दै बित्छ । जसको माटोमा बसेको छ, उसैको अह्रनखटनमा रहनुपर्ने भएकाले स्वतन्त्रपूर्वक काम छनौट गर्ने हक पनि खोसिएको छ । भय, त्रास, अभाव, उठिबास, सामाजिक नाका नदीले उनीहरु मानवअधिकारको हकबाट पनि वञ्चित छन् ।

राज्यका ऐन कानून खिल्ली उडाउँदै स्थानीय प्रहरी प्रशासन पनि जमिनदार गिरहतसँगै मिलेर उल्टै गरीब, भूमिहीनलाई आतङ्कित बनाउँछन् । जमिनको सवाल उठ्नेबित्तिकै भूमिहीनमाथि विभिन्न अप्ठ्यारा तगारा तेर्सिन्छन्- कामबाट हात धुनुपर्ने, उठिबास लाग्नुपर्ने या उत्पीडनको भागीदार बन्नुपर्ने । 'हामी अन्यायमा पर्‍यौं' भन्दै स्थानीय प्रहरी प्रशासनको गुहार मागियो भने 'समाजको विवाद त्यतै मिलाउनुस् या अदालत जानुस्' भन्दै फर्काइन्छ । यसले उनीहरुले पाउनुपर्ने सामाजिक न्याय त पाउँदैनन नै, पीडकहरु दण्डहीनताको फाइदा उठाउँदै ज्यादति थोपर्न हौसिन्छन् ।

सामन्ती उत्पादन सम्बन्धको परिणामस्वरुप गरीब, भूमिहीन, हरुवा-चरुवाले आफ्नो कामअनुसारको ज्याला पाउन सकिरहेका छैनन् । सप्तरीको पातो, जमुनी, माधोपुर र मलेकपुरमा गरिएको एक अध्ययनअनुसार तीनवटै गा.वि.स.मा ७०८ जना हरुवा-चरुवा भटिएका छन् । हरेक गा.वि.स.को औसत २३६ जनाको हिसाबले पनि ११४ गा.वि.स. मा २६ हजार ९०४ जना हरुवा-चरुवा छन् । त्यस्तै जोताहा किसान मोहीको स्थिति पनि राम्रो देखिँदैन । गरिबीको मूल सम्बन्ध भूमिसँग जोडिएकाले पनि प्रकृतिप्रदत्त उत्पादनको मुख्य साधन भूमिको न्यायोचित ढङ्गले पुनर्वितरण नभएसम्म गरिबी घट्न सक्दैन । भूमिहीन, हरुवा-चरुवालाई खान पुग्ने जग्गा नदिएसम्म उसको जीवनस्तर माथि उठ्न सक्दैन ।





वर्षौंदेखि जग्गा जोत्दै आए पनि त्यसमा उनीहरुको स्वामित्व र नियन्त्रण छैन । फलस्वरुप आफैंले लगाएको बाली पनि गिरहत जमिनदारले खोसेर लगिदिन्छन् । रगत, पसिना बगाएर उब्जाएको बाली जति गिरहतले थुपार्छन् । भूमिहीन, गरीबको हिस्सामा भोक, अभावमात्र बाँकी रहन्छ । श्रम गरे पनि दुई छाक राम्ररी हातमुख जोड्न र एक आङ लाउनसम्म सधैं तड्पिनुपर्छ । दिनको १४ घण्टासम्म जोतिँदा पनि गाह्रो-साह्रो पर्‍यो भने त्यही गिरहत मालिककहाँ नै दाँत ङिच्याउन जानुपर्ने, त्यसको ऋणवापतको ब्याजसम्म जोड्दा दुई तीन पुस्ताले सम्म तिरिनसक्ने स्थिति छ ।

सामाजिक, आर्थिक, राजनीतिकरुपले पछि परेका भूमिहीन, सुकुम्बासीको पक्षमा न पहिले सत्तामा पुगेकाले केही गरे, न अहिले नै गर्ने छाँट छ । बरु अघिल्लो भूमि आन्दोलनले केही घोषणा र सम्झौता गर्न बाध्य सरकारले सम्झौता र घोषणा भएकै छैनझैं गर्दैछ । त्यसो नहुँदो हो त २०६३ असोजमा राष्ट्रिय भूमि अधिकार मञ्च र तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयसँग भएका सम्झौता कार्यान्वयन भइसक्थे । जिल्लाका ३४ हजार एक सय ४६ भूमिहीन घरधुरीलाई सम्बोधन नगरी कुनै पनि अवस्थामा जनमुखी शासन हुन सक्दैन ।

मुख्य पेशा कृषि, काम गर्ने पनि खेतीपाती, पुस्तौंसम्म हलो जोत्नुपर्ने तर आफ्नै स्वामित्वमा जग्गा नभएसम्म कसरी स्थापित हुन सक्छ, सामाजिक न्याय ? जिल्लास्तरमा जमिनको विषयमा हुने अधिकांश विवादमा भूमिहीन, गरीब नै मर्कामा परेका छन् ।

विभिन्न सरकारहरुले भूमिसुधार घोषणा त गरे, त्यसले कायम गरेको दबन्दी लागू हुनै सकेन । जसका कारण एकातिर हजारौं विघा जमिन जमिनदारसँगै रह्यो भने अर्कोतर्फ भूमिहीन किसान, साना किसान, हरुवा, चरुवा, हलीको अवस्था भने जस्ताको तस्तै रह्यो । अबको भूमि सुधारले २०२१ सालको जमिनदारमुखी भूमिसम्बन्धी ऐन खारेज गरी जसको जोत उसको पोतको नीति पछ्याउनुपर्छ । जसले सप्तरीका ३४ हजार १ सय ४६ घरधुरी भूमिहीन परिवारलाई छुन सकोस् । उनीहरुको समेत संलग्नतामा स्थानिय भूमि समिति गठन गरिनुपर्छ, जसले गर्दा भूमिमाथिको उनीहरुको बेदखली हट्नेछ ।

भूमिमा आश्रित परिवार, जमिनमा उनीहरुको स्वामित्वको यकिन तथ्याङ्क नभएसम्म भूमि सुधारको प्रक्रिया र व्यवस्थापनले पूर्णता पाउन सक्दैन । विगतले पनि त्यस्तै देखाएको छ । त्यसैले वस्तुपरक ढङ्गले त्यसको लगत

तयार गरिनुपर्छ । सामन्तवादी उत्पादन सम्बन्धको मूल जड राजतन्त्रले बिदा पाइसकेर गणतन्त्र घोषणा भइसकेको वर्तमान सन्दर्भमा राजनीतिक गतिरोध अन्त्य गर्न राजनीतिक दलहरुले जारी राखेको सहमतीय संस्कृति भूमिको सवालमा पनि लागू हुनुपर्छ । आम राजनीतिक सहमतिका आधारमा सबैलाई समेट्न भूमि सुधारको खाका बनाएर तत्काल कार्यान्वयन गर्न दलहरु हिच्किचाउनु हुन्न । अन्यथा मुलुकको अग्रगामी विकास पुनः अवरुद्ध हुनसक्छ । संविधानसभामार्फत् अब बन्न गइरहेको नयाँ संविधानमा गरीब, भूमिहीन, दलित, कृषि मजदुर, मोहीको हक ग्यारेण्टी गरिनुपर्छ । भूमि अधिकारलाई मौलिक अधिकारका रुपमा व्यवस्थित गरिनुपर्छ । भूमिबाट वञ्चितहरुको अधिकार सुनिश्चिततासहित गरिने भूमि सुधारको योजना बनाउन पीडित, विज्ञ, सरोकारवाला निकायको सहभागितामा उच्चस्तरीय अधिकार सम्पन्न भूमि सुधार आयोग गठन गरिनुपर्छ ।

दर्ता र बेदर्तावाल मोहीको लगत तयार गरी स्थानीय निकायको सिफारिसका आधारमा २०५३ सालसम्म अस्थायी २ नं. र ४ नं. निस्साको आधारमा लगातार तीन वर्षसम्म जग्गा जोत्दै आएका मोही किसानको जग्गामाथि प्रतिबन्ध लगाई हदबन्दीको दायरामा ल्याइनुपर्छ । सप्तरी जस्तो जिल्लामा घडेरीबाहेक खेतीपातीका निम्ति ३ विघा हदबन्दी कायम गरी त्यसको कडारुपमा कार्यान्वयन गर्नुपछ र अनुगमनका निम्ति भूमिपीडित, विज्ञ र सम्बन्धित कार्यालय प्रतिनिधि सम्मिलित संयन्त्र निर्माण गरिनुपर्छ ।

पछिल्लो समयमा क्रान्तिकारी भूमि सुधार लागू हुने भयले कीर्ते बाँडफाँट गर्ने, आफन्तको नाउँमा जग्गा सार्ने, नक्कली सम्बन्ध बिच्छेद गरी जग्गा लुकाउने प्रक्रिया ह्वात्तै बढेर गएको छ । त्यस्ता जग्गा राज्यले राष्ट्रियकरण गर्नुपर्छ । जिल्लाका भूमिहीन, कृषि, मजदूर, हरुवा-चरुवालाई सुरक्षित बास र जीविकाका निम्ति आवश्यक जग्गा उपलब्ध गराउनुपर्छ । भूमिपीडितले प्राप्त गर्ने जग्गा महिला र पुरुष दुवैको संयुक्त नाउँमा राखिनुपर्छ । जसले भौतिक सम्पत्तिमाथि महिलाको पहुँचको अनुपात बढेर जानेछ । हरुवा-चरुवाले घरायसी कामका लागि लिएको ऋण मिनाहा गरी उनीहरुलाई पुनर्स्थापित गर्न उनीहरुसमेतको सहभागितामा पुनर्स्थापना आयोग गठन गरिनुपर्छ । त्यति काम नगरुञ्जेल उनीहरुले गर्ने कामको समय निर्धारण र ज्याला सरकारी दररेटअनुसार प्रचलनमा ल्याइनुपर्छ । त्यसो नगर्ने या हिच्किचाउने किसानलाई कानूनी दायरामा ल्याउन राज्य सजग रहनुपर्छ । उनीहरुका बालबालिकालाई पोशाक, विभिन्न शीर्षकअन्तर्गत लिइने शुल्कसहित पूर्णतः निःशुल्क शिक्षाको व्यवस्था गरिनुपर्छ, कम्तिमा पनि





मा.वि. तहसम्म । गुठीको जग्गा जोत्ने जोताहा किसानकै नाउँमा उक्त जग्गा रैकर गरिनुपर्छ ।

## ६.१. भूमि अधिकारको सवालमा कसको के भूमिका ?

भूमि जीविकासँग मात्र होइन, उत्पादनको मुख्य स्रोत भएकाले पनि सामाजिक वितरण प्रणालीअनुरुप बाँडफाँट हुनुपर्दछ । त्यसका निम्ति सबैको सरोकारको विषय बन्नुपर्छ । सीमित व्यक्तिको स्वामित्वमा थुप्रै खेतीयोग्य जमिन रहनाले ठूलो जमात खेती गर्नेहरुको समूह भूमिहीन बन्न पुगेको छ । भूमिबाट वञ्चित रहनुपर्नाले उनीहरुले राज्यले उपलब्ध गराएका राहत सुविधाबाट पनि टाढिनुपरेको छ । जसले विकासको गति अवरुद्ध प्रायः छ । उनीहरुको अधिकार प्राप्तिमा आधात पुगिरहेको छ । यसको अन्त्य गर्न राज्य पक्ष बढी जिम्मेवार र गम्भीर बन्नुपर्छ र त्यसो गर्न अन्य पक्ष पनि सक्रिय रहनुपर्छ ।

राज्य पक्ष यसर्थ बढी जिम्मेवार बन्नुपर्छ कि राज्यको नीति नियम निर्माण गरेर लागू गर्ने, कार्यान्वयन गर्ने अधिकार अन्तर्निहित हुन्छ । जनताबाट विभिन्न वस्तु तथा सेवामार्फत् निश्चित राजश्व असुल्छ । भूमिहीनको समस्या मुलुककै समस्या भएकाले यसको जिम्मेवारी उसले लिनुपर्छ भनिएको हो । भूमिसँग सम्बन्धित राज्य सञ्चालन गर्ने सरकारका स्थानीय निकाय भूमि सुधार कार्यालय, मालपोत कार्यालय र नापी शाखालाई सरकारी नीति, कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न  सक्रिय तुल्याइनुपर्दछ ।

हुन त जिल्लास्थित मालपोत, नापी कार्यालय प्रमुखहरु 'सरकारले वा उसले बनाएको अधिकार सम्पन्न आयोगले देखाएको काम अक्षरशः पूरा गर्नेछौं' भन्ने वाचा गर्छन् तर सामान्यतः त्यसो हुन सकिरहेको छैन । त्यसका लागि पीडितहरुले पटक-पटक भेटघाट गर्ने, छलफल, बहस गर्ने, मागपत्र प्रस्तुत गर्ने, माथिल्लो निकायसम्म माग पुऱ्याएर पूरा गराउन दबाव दिने जस्ता कार्य गरिनुपर्छ भने सामाजिक सङ्घ, संस्था, राजनीतिक सङ्गठन र स्थानीय जनसङ्गठन भने खबरदारी गर्दै अधिकार प्राप्तिको आन्दोलनलाई सशक्त बनाउने भूमिकामा रहनुपर्दछ ।

राष्ट्रिय मानवअधिकार आयोग, विराटनगर र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय विराटनगरमा १० डिसेम्बर, २००७ का दिन पेश गरिएको स्मरणपत्र

आज मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको ५८ वर्ष पूरा भएर ५९ औं वर्षमा प्रवेश भएको छ । घोषणापत्र लागू भएपछि मान्छे हुनुको नाताले खान, बस्न, स्वतन्त्ररुपले हिँडडुल गर्न र स्वच्छन्दपूर्वक काम गर्न पाउनुपर्ने व्यक्तिको अधिकारलाई लोकतन्त्रमा विश्वास गर्ने राज्य र सरकारले आ-आफ्नो देशको ऐन कानूनमा व्यवस्थित गरेको छ । संयुक्त राष्ट्रसङ्घको सदस्य मुलुक भएको हैसियतमा नेपालले पनि उल्लेखित अधिकारलाई संविधानमा व्यवस्थित गरेको छ ।

पछिल्लो दश वर्षको जनयुद्धका क्रममा राज्य र विद्रोहीहरुले व्यापकरुपमा मानव अधिकार उल्लङ्घन गर्न थालेपछि त्यसको अन्तर्राष्ट्रिय स्तरबाट व्यापकरुपमा विरोध भएको थियो । जनताको मानवअधिकार र सुरक्षाको प्रत्याभूति गर्न परेको दबावस्वरुप राष्ट्रिय मानव अधिकार आयोग गठन भयो । केही वर्षदेखि नेपालमा कार्यालय स्थापना गरेर काम गर्दै आएको ओ.एच.सि.एच.आर. अनि सात दल र विद्रोही माओवादीको सहकार्यमा २०६२ /६३ को आन्दोलन सम्पन्न भएपछि नेपालको शान्ति प्रक्रियालाई सघाउँदै आएको अनमिनको जिम्मेवारी बढेर गएको छ। वर्तमान सङ्क्रमणकालीन चरणमा त यी संस्थासहित राष्ट्रिय मानवअधिकार आयोगको भूमिका मानव अधिकारको प्रत्याभूतिका सवालमा अझै बढेर गएको हामीले ठानेका छौं ।

मुलुकमा लोकतन्त्र छ, लोकतन्त्रअन्तर्गत दलहरुको सहमतिमा सरकार पनि बनेको छ । सरकारले सत्ता चलाइरहेको छ । सिरहा, सप्तरी जस्ता जिल्लामा भूमिहीन, दलित, गरीब, हरुवाचरुवा, सुकुम्बासीले मानवअधिकार, लोकतन्त्र र जनताको सरकारको अनुभूति गर्न सकिरहेका छैनन् । जनताको सेवा र जीउधनको सुरक्षाका लागि खटिएका कर्मचारीद्वारा नै उनीहरु प्रताडित छन् । सिरहा तरेगना गोविन्दपुर- ५ बलौटेमा २०६४ असार १४ गते भएको घटना त्यसको ज्वलन्त नमूना हो । २०६४ वैशाख १४ गते गम्हरिया महेशपुरमा भएको घटनाका पीडितले सुरक्षा निकायमा दिएको उजुरीको कुनै सुनुवाई नै भएन । पटक पटक स्थानीय ठूला जात भन्नेहरुको उत्पीडनमा परेका इनर्वा गा.वि.स. ५ आभेनगरका दलितले अझैसम्म पनि न्याय पाउन सकेका छैनन् । वर्षौंदेखि स्थायीरुपले थातबास नभेटिरहेका भूमिहीन दलितले दैनिक १६ घण्टासम्म काम गर्दा पनि उचित ज्याला पाउन सकिरहेका छैनन् । नाकाबन्दी, उठिबास, आगजनी गर्नेहरुमाथि कुनै कानूनी कारबाही नहुनुले दण्डहीनता बढेर गएको छ ।





सिरहा, सप्तरीलगायत्का जिल्लामा बढेर गएका मानव अधिकार उल्लङ्घनका घटना छानबिन गरी पीडितलाई न्यायको अनभूति दिलाउन सशक्त भूमिकाको अपेक्षासहित यो स्मरणपत्र बुझाएका छौं । स्मरणपत्रका साथ सिरहा, सप्तरीमा भएका मानव अधिकार उल्लङ्घनका केही उल्लेखनीय घटना र दुई जना हरुवाचरुवाको स्थितिबारे स्थलगत अध्ययन प्रतिवेदनसमेत बुझाएका छौं ।

भवदीय

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल, सप्तरी/ सिरहा
हरुवा चरुवा अधिकार मञ्च, सप्तरी/ सिरहा
जनचेतना दलित सङ्गम मधुपट्टी, सप्तरी
दलित संरक्षण अभियान मञ्च, सिरहा

## घरबास सबैलाई, जमिन जोत्नेलाई

### असोज ९ गते लहान जाऔं, बृहत् भूमिसभामा सहभागी बनौं

आदरणीय जनसमुदाय !

मुलुकको राजनीतिले छलाङयुक्त कोल्टे फेरेको छ । २०६४ सालको अन्त्यसँगै मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रुपमा फेरियो तर मुलुकभित्रै गैरनागरिकसरह विवश लाखौं भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवाको दैनिकी फेरिएन । उनीहरुले नयाँ नेपाल भनेको बुझ्न पाएका छैनन् । राजनीतिक व्यवस्थासँगै परिवर्तन भएका विभिन्न दलका सरकारले भूमिसुधारको नारालाई सत्तामा उक्लिने भऱ्याङमात्र बनाएको देखियो । विभिन्न सरकारले बनाएका भूमिसुधार आयोगका प्रतिवेदन त्यत्तिकै मिल्किए । जनमुखी भूमिसुधारको मागसहित आन्दोलनरत् भूमि पीडितलाई थुम्थुम्याउन भूमिपति, जमिनदार, सामन्तको पहुँच रहेको सरकारले भूमिसुधारको सवालमा खोक्रो कुरा मात्र गऱ्यो । सरकारले भर्खरै पश्चिम नेपालमा हलिया प्रथा अन्त्य भएको घोषणा गऱ्यो तर घोषणाले मधेसमा रहेको त्यस्तै प्रकृतिको हरुवा-चरुवा प्रथालाई सम्बोधन गर्न सकेन। त्यसबाट पनि सरकारले घोषणालाई व्यवहारमा कार्यान्वयन गर्न चासो नदेखाएको वा त्यस्तो नचाहेको पुष्टि हुन्छ । सरकार तत्काल बोल्नेहरुको मात्र आवाज सुन्दैछ, जसले त्यस्तैखालका समस्या झेलिरहेका अन्य समुदाय आन्दोलनमा

उत्रन बाध्य छन्। पछिल्लो समयमा कानूनी व्यवस्था छलेर जमिन लुकाउनेहरुको घुइँचो नापी, मालपोत कार्यालयमा ह्वात्तै बढेको छ।

मुलुकमा शाहवंशीय राजतन्त्र अन्त्य भएपछि 'जसको जोत उसको पोत' को सवाल कार्यान्वयन हुनेमा आशावादी छन्, भूमिपीडितहरु । अन्नको भण्डारका रुपमा ख्याती कमाएको तराई मधेसमा जमिनबाट अलग पारिएका भूमिहीनको सङ्ख्या ठूलो छ। सिरहा, सप्तरीको कुल दुई लाख १९ हजार ७ सय ८७ घरधुरीमध्ये ६२ हजार ८ सय ९७ घरधुरी त भूमिहीन नै छन्। यिनको बिहान बेलुका हात, मुख जोड्ने, एक आङ लाउने र छानाको व्यवस्था नभएरसम्म नयाँ नेपालको जग बलियो हुन सक्दैन। भूमिसुधारको सवाल उठ्नेबित्तिकै तराई मधेसमा अर्को द्वन्द्व सिर्जना हुन सक्छ भने तराई मधेसवादी दलहरुले जनमुखी भूमिसुधारले सामाजिक द्वन्द्व बढ्ने होइन, बरु सधैंका निम्ति अन्त्य हुन सक्ने यथार्थ आत्मसात् गर्न सक्नुपर्दछ।

त्यसैले, तत्काल जमिनदारमुखी प्रतिगामी सम्पूर्ण ऐन कानून खारेज गरी जनमुखी भूमिसुधारसम्बन्धी विशेष कार्यक्रम घोषणा होस्। भूमि आयोग गठनको प्रक्रिया अविलम्ब थालियोस्। भूमिहीन तथा सुकुम्बासी र जोताहा किसानलाई जग्गाबाट बेदखली गरी हदबन्दी भन्दा बढी जग्गा लुकाउन बढेको तीव्रता तुरुन्त रोकियोस्। गणतान्त्रिक नेपालको सरकारको नीति तथा कार्यक्रम र बजेट रुपान्तरणमुखी, जल, जङ्गल, जमिनबाट पाखा पारिएकाहरुको आवाज समेटिएको र गरिबमुखी होस्। भूमि आयोग गठन, २०६३ असोज १ गते मञ्चसँग भएको सम्झौता कार्यान्वयन गरियोस्। हरुवा-चरुवा प्रथाको अन्त्य गरियोस्। महिला, दलितको नाउँमा जग्गा रजिष्ट्रेशन गर्दा ५० प्रतिशत छुटको व्यवस्था गरियोस्। जग्गाको पोत भूमि तथा त्यसकै सुधारमा खर्च गर्ने नीति बनाइयोस्।

भूमिहीन र जोताहा किसानका लागि विशेष जीविकोपार्जन र रोजगारी कार्यक्रम लागू, साना र मध्यम किसानलाई कृषिमा अनुदानको व्यवस्था, हरुवा-चरुवालगायत्को सम्पूर्ण ऋण खारेज गरी पुनर्स्थापना कार्यक्रम लागू गरियोस्। भूमिहीन, सुकुम्बासीहरुलाई आफ्नो थातथलोबाट उठिबास लगाउने कार्य कडाईपूर्वक रोकियोस्। यी र यस्तै मागसहित आन्दोलित भूमिहीन, सुकुम्बासी, जोताहा किसान, हरुवा-चरुवाको आन्दोलनलाई सशक्त र दबावमूलक बनाउन २०६५ असोज ९ गते लहानमा हुन गइरहेको बृहत् भूमिसभामा सहभागी बनौं। भूमिको समस्या सधैंका निम्ति अन्त्य गर्न योगदान गरौं।





**"घरबास सबैलाई, जमिन जोत्नेलाई"**

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

**विषय : प्रेस विज्ञप्ती**

मिति : ८ असोज, २०६५

आदरणीय पत्रकार मित्रहरु !

मुलुकको राजनीतिले छलाङयुक्त कोल्टे फेरेको छ। २०६४ सालको अन्त्यसँगै मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रुपमा फेरियो तर मुलुकभित्रै गैरनागरिक सरह विवश लाखौं भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवाको दैनिकी फेरिएन। उनीहरुले नयाँ नेपाल भनेको बुझ्न पाएका छैनन्।

त्यसैले यही असोज ९ गते लहानको राममन्दिरअगाडि मधेसमा बृहत् भूमिहीन सभाको आयोजना हुँदैछ। जसमा हजारौं भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवालगायत्को सहभागिता हुनेछ। उक्त सभामा संविधानसभाका सभासदहरु भूमिअधिकारको क्षेत्रमा १० औं वर्षदेखि आफ्नो अनुभव सङ्गाल्नेहरुको समउपस्थिति रहनेछ। त्यसैले मधेसमा बृहत् भूमिहीन सभामा सक्रियरुपमा आ-आफ्नो तहबाट जिम्मेवारी निभाइदिनुहुन अनुरोध छ।

राजनीतिक व्यवस्थासँगै परिवर्तन भएका विभिन्न दलका सरकारले भूमिसुधारको नारालाई सत्तामा उक्लिने भऱ्याङमात्र बनाएको देखियो। विभिन्न सरकारले बनाएका भूमिसुधार आयोगका प्रतिवेदन त्यत्तिकै मिल्किए। जनमुखी भूमिसुधारको मागसहित आन्दोलनरत् भूमिपीडितलाई थुम्थुम्याउन भूमिपति, जमिनदार, सामन्तहरुको पहुँच रहेको सरकारले भूमिसुधारको सवालमा खोक्रो कुरा मात्र गऱ्यो। सरकारले भर्खरै पश्चिम नेपालमा हलिया प्रथा अन्त्य भएको घोषणा गऱ्यो तर घोषणाले मधेसमा रहेको त्यस्तै प्रकृतिको हरुवा-चरुवा प्रथालाई सम्बोधन गर्न सकेन। त्यसबाट पनि सरकारले घोषणालाई व्यवहारमा कार्यान्वयन गर्न चासो नदेखाएको वा त्यस्तो नचाहेको पुष्टि हुन्छ। सरकार तत्काल बोल्नेहरुको मात्र आवाज सुन्दैछ, जसले त्यस्तैखालका समस्या झेलिरहेका अन्य समुदाय आन्दोलनमा उत्रन बाध्य छन्। पछिल्लो समयमा कानूनी व्यवस्था छलेर जमिन लुकाउनेहरुको घुइँचो नापी, मालपोत कार्यालयमा ह्वात्तै बढेको छ।

मुलुकमा शाहवंशीय राजतन्त्र अन्त्य भएपछि 'जसको जोत उसको पोत' को सवाल कार्यान्वयन हुनेमा आशावादी छन्, भूमिपीडितहरु। अन्नको

भण्डारका रुपमा ख्याति कमाएको तराई मधेसमा जमिनबाट अलग पारिएका भूमिहीनको सङ्ख्या ठूलो छ । सिरहा, सप्तरीको दुई लाख १९ हजार ७ सय ८७ घरधुरीमध्ये ६२ हजार ८ सय ९७ घरधुरी त भूमिहीन नै छन् । यिनको बिहान बेलुका हातमुख जोड्ने, एक आङ लाउने र छानाको व्यवस्था नभएसम्म नयाँ नेपालको जग बलियो हुन सक्दैन । भूमिसुधारको सवाल उठ्नेबित्तिकै तराई मधेसमा अर्को द्वन्द्व सिर्जना हुन सक्छ भने तराई मधेसवादी दलहरुले जनमुखी भूमिसुधारले सामाजिक द्वन्द्व बढ्ने होइन, बरु सधैंका निम्ति अन्त्य हुन सक्ने यथार्थ आत्मसात् गर्न सक्नुपर्दछ । त्यसैले नयाँ नेपालमा भूमिहीन, सुकुम्बासी, जोताहा किसान, हरुवा-चरुवाको अधिकार ग्यारेण्टीका लागि दबाव दिने उद्देश्यले निम्न मागसहित २०६५ असोज १ गतेदेखि हामी चरणवद्ध आन्दोलनमा उत्रिएको घोषणा गर्दछौं ।

१) तत्काल जमिनदारमुखी प्रतिगामी सम्पूर्ण ऐन कानून खारेज गरी जनमुखी भूमि सुधारसम्बन्धी विशेष कार्यक्रम घोषणा होस् ।

२) भूमि आयोग गठनको प्रक्रिया अविलम्ब थालियोस्, भूमिहीन तथा सुकुम्बासी र जोताहा किसानलाई जग्गाबाट बेदखली गरी हदबन्दीभन्दा बढी जग्गा लुकाउन बढेको तीव्रता तुरुन्त रोकियोस् ।

३) गणतान्त्रिक नेपालको सरकारको नीति तथा कार्यक्रम र बजेट रुपान्तरणमुखी, जल, जङ्गल, जमिनबाट पाखा पारिएकाको आवाज समेटिएको र गरीबमुखी होस् ।

४) भूमि आयोग गठन, २०६३ असोज १ गते मञ्चसँग भएको सम्झौता कार्यान्वयन गरियोस् ।

५) हरुवा-चरुवा प्रथाको अन्त्य गरियोस् । महिला, दलितको नाउँमा जग्गा रजिष्ट्रेशन गर्दा ५० प्रतिशत छुटको व्यवस्था गरियोस् र जग्गाको पोत भूमि तथा त्यसकै सुधारमा खर्च गर्ने नीति बनाइयोस् ।

६) भूमिहीन र जोताहा किसानका लागि विशेष जीविकोपार्जन र रोजगारी कार्यक्रम लागू, साना र मध्यम किसानलाई कृषिमा अनुदानको व्यवस्था, हरुवा-चरुवालगायत्को सम्पूर्ण ऋण खारेज गरी पुनर्स्थापना कार्यक्रम लागू गरियोस् ।

७) भूमिहीन, सुकुम्बासीलाई आफ्नो थातथलोबाट उठिबास लगाउने कार्य कडाइपूर्वक रोकियोस् ।





**आन्दोलनका कार्यक्रमहरु :**

१) २०६५ भदौ ३० गतेदेखि असोज १३ गतेसम्म भित्तेलेखनसहित देशव्यापी प्रचार-प्रसार

२) २०६५ असोज १ गते ऱ्याली, जुलुस, पत्रकार सम्मेलन

३) २०६५ असोज ८ गते सप्तरी, सिरहा ३० जिल्लाका मालपोत कार्यालयमा धर्ना ।

४) मधेसमा भूमिसुधारको सवाललाई सशक्त र व्यापक बनाउन सिरहाको लहानमा बृहत् भूमि सभा ।

## 'घरबास सबैलाई, खेतीयोग्य जमिन जोत्नेलाई'

**भूमि अधिकारका लागि धर्ना कार्यक्रम सफल पारौं ।**

आदरणीय न्यायप्रेमी जनसमुदायहरु,

हामी पुस्तौंदेखि जोत्दै आएका छौं । भूमि उत्पादनको साधन हो । भूमि जसले श्रम गर्छ, संरक्षण गर्छ र हराभरा बनाउँछ उसैको हुनुपर्ने हो तर त्यसो भइरहेको छैन, आफैं खेती नगर्नेको कब्जामा जग्गा छ । हामी भूमि अधिकारबाट वञ्चितले राणा विरोधी आन्दोलनदेखि आजको लोकतान्त्रिक आन्दोलनसम्म धेरै रगत बगायौं । न्याय, स्वतन्त्रता र समानताका लागि दलहरुले आह्वान गरेका सबै आन्दोलनलाई सफलताको शिखरमा पुऱ्याउनमा मन, वचन र कर्मले सहभागी भयौं ।

हामी भूमि अधिकारबाट वञ्चित (सुकुम्बासी, भूमिहीन, मोही, हलिया, हरुवाचरुवा, मुक्त कमैया, साना किसान) उत्पादनका स्रोत, साधन र अवसरको अभावमा चरम गरिबी र शोषण भोगिरहेका छौं । सुरक्षित बास छैन । अरुको जग्गामा काम गऱ्यौं, उब्जनी मालिकलाई दिँदैमा ठीक्क छ । जमिनदारको शोषण र नियन्त्रणभन्दा बाहिर निस्कन सकेका छैनौं । जमिनमाथि हाम्रो स्वामित्व नहुँदा अनेकन शोषण, अपमान र थिचोमिचो सहनुपरेको छ । काम पाइँदैन । केही गरी काम पाए, पाउने ज्यालाले खान पुग्दैन । समाजमा व्याप्त शोषण, अन्याय, चिथोमिचो अशिक्षा भूमिको असमान वितरणसँग गाँसिएका छन् । उत्पादन गर्ने भोकभोकै मर्ने र उत्पादनमा सहभागी नहुने वर्गले जमिनको ठूलो हिस्सा ओगटी उत्पादनलाई नियन्त्रणमा लिने अवस्थाले मुलुककै प्रगतिमा बाधा पुऱ्याएको छ ।

लोकतान्त्रिक व्यवस्थाको आगमनपछि गरिबी, अन्याय, अभाव र शोषणको अन्त्यका लागि महत्वपूर्ण जोताहामुखी भूमिसुधार हुने अपेक्षा थियो। यस विषयमा हामी भूमि अधिकारबाट वञ्चित १६ लाख परिवारले सरकार र राजनीतिक पार्टीसमक्ष पटक-पटक आवाज उठायौं। तर हाम्रो कुराको कुनै सुनुवाई भएन। भूमिसुधार समग्र मुलुकको समुन्नतिका लागि भए पनि गरीबको मात्र विषय ठानियो। गत वर्ष देशव्यापीरुपमा भएको १९ दिने मालपोत कार्यालय धर्ना तथा तालाबन्दीपछि २०६३ साल असोज १ गते नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग भएको ५ बुँदे सहमति आजसम्म पनि लागू भएन। हजारौं शहीदको रगतले लेखिएको अन्तरिम संविधानमा समेत सामन्तको जग्गाको क्षतिपूर्ति दिने व्यवस्था गरियो।

भूमिसुधारका विषयमा दल गम्भीर हुन सकेनन्। त्यसो भएको भए २०२१ सालकै निरकुंश र पञ्चायती भूमि ऐनकै आधारमा सामन्तहरुले अरुको श्रम र पसिना चुस्न पाउने अवस्था खत्तम भइसक्यो। भूमिसुधार कार्यक्रम लागू भए मुलुक समुन्नतितर्फ अगाडि बढ्थ्यो। हामीले शान्तिपूर्ण तवरले राखिएका मागलाई सरकारले जहिले पनि बेवास्ता गरेको छ। भूमिसुधार गर्नका लागि दल र राज्यको ध्यानाकर्षणका लागि हामी आन्दोलनमा उत्रन बाध्य भएका छौं।

**धर्ना कार्यक्रम किन ?**

- भूमिसुधार गर्दा हदभन्दा बढीको जग्गाको कुनै क्षतिपूर्ति नदिने सम्वैधानिक ग्यारेण्टीका लागि
- जोताहामुखी भूमिसुधारको नीति निर्माण र कार्यान्वयनका लागि।
- उच्चस्तरीय भूमिसुधार आयोग गठनका लागि।
- २०६३ साल असोज १ गते राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, राष्ट्रिय भूमिअधिकार सरोकार समूह नेपाल र नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयबचि भएको ५ बुँदे सम्झौता कार्यान्वयनका लागि।

**कार्यक्रम**

- २०६४ साल जेठ १ गतेबाट सत्तारुढ दलको जिल्ला कार्यालयअगाडि धर्ना १२ बजेबाट २ बजेसम्म त्यसपछि प्रत्येक दिन १, १ घण्टा बढाउँदै जाने।





- २०६४ साल जेठ ७ गतेबाट सत्तारुढ दलको राष्ट्रिय कार्यालय अगाडि धर्ना गरिने।

यस धर्ना कार्यक्रम सफल बनाउन सबैको सहयोग पाउने अपेक्षा गरेका छौं। यस कार्यमा सहयोग गरिदिन नागरिक समाज, मानवअधिकारवादी, पत्रकार, सङ्घ संस्था, राजनीतिक पार्टीहरुसँग हार्दिक अनुरोध गर्दछौं।

**'असोज २ गते राजविराज जाऔं।'**
**मालपोत कार्यालय तालाबन्दी एवं धर्ना कार्यक्रम सफल पारौं॥**

हामी तराईका दलित भूमिहीन पुस्तौंदेखि सधैंको अभाव र अन्यायमा बाँचिरहेका छौं। सबभन्दा बढी परिश्रम गर्ने हामीहरु गाँस, बास र कपासको अभावमा भोकभोकै तड्पिरहेका छौं। हाम्रो रगत पसिनाले उर्बर बनेका प्राकृतिक स्रोत कहिल्यै माटो नकुल्चनेहरुको विर्ता बनेको छ। बिहान उठेदेखि आँखा नदेखुञ्जेल माटोमा श्रम गर्ने हामीहरुकै एकमुठी माटो छैन। हाम्रो पीडा यतिमै सीमित छैन। हामीलाई भूमिबाट मात्र हैन, सबैखाले स्रोत र साधनबाट पाखा पारिएको छ। विभिन्नखाले अन्याय, अपमान र तिरस्कार पनि हामीले नै खेप्नुपरेको छ। हामीलाई जमिनबाट मात्र होइन, व्यक्तिको पहिचान अनि आर्थिक, सामाजिक, राजनीतिक अधिकार प्रयोगका लागि नभई नहुने नागरिकताविहीन बनाइएको छ। हामी मानव भएकोसम्म अनुभूति गर्न सकेका छैनौं। शिक्षा, स्वास्थ्य, खुशी र रमाइलो त कोसौं टाढाको कुरा भयो। भूमि नहुँदा हामी विभेदपूर्ण जिन्दगी जीइरहेका छौं।

सबभन्दा बढी दलित, गरीब, भूमिहीन बसोबास गर्ने सप्तरी र सिरहा जिल्लामा अन्याय, शोषण, विभेद अझ ज्यादा छ। दलितहरुका लागि चारैतिर अँध्यारो मात्र छ। भूमिहीनमाथि दिनहुँ जातीय उत्पीडन र उठिबासका घटना घटाइएका छन्। यस्ता अन्यायबारे कयौं पटक धर्ना, ज्ञापनपत्र, आन्दोलन, विशाल प्रदर्शन गरियो। १३ हजार सुकुम्बासीले हकका लागि निवेदन दर्ता गरायौं। निरंकुश सत्ताले भूमिसुधारको काम गर्ला भन्ने हाम्रो अपेक्षा थिएन। लोकतन्त्रको आन्दोलनमा होमियौं। औजारसहित नारा जुलुस गरियो। लोकतन्त्र आयो तर हामी गरीबको सवाल फेरि ओझेलमा पारियो। झ्यालमा बसेर जुलुसलाई जिस्काउनेहरुले फाइदा लिए तर हामी गरीब सधैं अन्यायमा पर्‍यौं। हाम्रा जायज मागको कुनै सुनुवाई भएन। गरिबी, अन्याय र शोषण कम गर्न जिम्मेवार लिएर बसेका नेपाल सरकार र यसका निकाय रमिता हेरेर बसिरहेका छन्। राजनीतिक दलहरु यस्ता

सवालमा बोल्ने र नबोल्ने भन्ने विषय घाटा र नाफाका हिसाब गरेर बसिरहनु दुःखको कुरा हो ।

हामी हाम्रो अधिकारका लागि पुस्तौंदेखि लड्दै आइरहेका छौं । कयौं सास्ती खाए पनि हामीलाई हाम्रो स्वाभिमान नै प्रमुख छ। पछाडि पारिएका समुदायको मन र मुटुको आवाजलाई सम्बन्धित पक्षले अत्यन्त हल्का ढङ्गले लिएको छ । हामीहरु पुनः एकपटक हाम्रा माग पूरा गरियोस् भनी जोडदार माग गर्दछौं । यही असोज २ गतेदेखि माग पूरा नभएसम्म अनिश्चितकालका लागि मालपोत कार्यालय बन्द गर्ने घोषणा गरेका छौं । उक्त आन्दोलनमा सहयोग गरिदिन नागरिक समाज, मानवअधिकारवादी, पत्रकार, सङ्घ संस्था, राजनीतिक पार्टीहरुसँग हार्दिक अनुरोध गर्दछौं । यो आन्दोलन देशव्यापी बनिसकेको छ । दाङमा तालाबन्दी तथा धर्ना भएको ३ हप्ता भइसकेको छ । कैलाली, बर्दिया, बाँके, सिन्धुपाल्चोक, सुनसरी, महोत्तरी, सर्लाहीलगायत्का जिल्लामा पनि तालाबन्दी र धर्नाका कार्यक्रम जारी छ । अब पनि हाम्रा माग पूरा नभएमा गरीबहरु आन्दोलनमा उत्रिएपछिको आगो निभाउन निकै गाह्रो पर्नेछ । किनकि हामीलाई गुमाउन बाँकी केही छैन । सबै गुमाइसकेका छौं । यस घडीमा भूमि अधिकारबाट वञ्चित सबैको व्यापक र जुझारु सहभागिताका लागि पनि हामी अनुरोध गर्दछौं ।

**हाम्रा मागहरु :**

१) मालपोत कार्यालयमा दर्ता भएका १३ हजार सुकुम्बासी तथा गाउँब्लक निवेदनका आधारमा जग्गा नाप जाँच र दर्ता गरी हक प्रदान गरियोस् । जिल्लाका सम्पूर्ण वास्तविक सुकुम्बासी पहिचान गरी बसोबासका आधारमा जग्गा दर्ता गरियोस् ।

२) दर्ता भएका र नभएका सबै मोहीको स्थलगत लगत लिई स्थानीय निकायको सिफारिस र सर्जमिनका आधारमा खेतबारीमै गएर बेदर्ताका मोहीलाई तत्काल मोहियानी हक दर्ता प्रमाणपत्र वितरण गरियोस् । र, यी जग्गाको आधा स्वामित्व स्वतः मोहीमा हस्तान्तरण गरियोस् ।

३) गरीब किसानले खेती गरिरहेका गुठीका जग्गा तत्काल गरीब किसानका नाममा रैकर गरियोस् ।

४) हदबन्दीभन्दा माथिको निजी जमिन, ऐलानी, सरकारी वा अलपत्र परेको र नदी किनार वा यस्तै प्रकृतिका जमिनमा स्थानीय बासिन्दाले सरकारी सिद्धान्तका आधारमा उपयोग गर्न सक्ने गरी त्यस्ता जग्गाको पुनर्व्यवस्थापन गरियोस् ।





५) असुरक्षितरुपमा बसोबास गर्ने गरीब तथा अन्य व्यवस्थित बसोबासीलाई तत्काल सुरक्षित स्थानमा बसाइयोस् ।

आयोजक<br>
राष्ट्रिय भूमि अधिकार मञ्च<br>
जिल्ला समिति, सप्तरी

## वैशाख १९ गते राजविराज जाऔं ।

दिनहुँ घाम-पानी, हुरी-बताससँग पौठेजोरी खेल्दै रगत पसिना बगाएर उब्जाएको अन्नले गिरहत, मालिकले आफ्नो भकारी भर्छन् तर त्यही अन्न उब्जाउने हरुवाले भने हातमुख जोड्न पनि तड्पिनुपर्छ । दासभैं जोतिँदा पनि एक आङ लाउन र एकपेट खानसमेत गिरहत, मालिकको अगाडि टाउको कन्याउँदै दात ङिच्याउनुपर्ने हाम्रो बाध्यताको अन्त्य कहिले हुन्छ ? नयाँ नेपाल निर्माणको सङ्घारमा अहिले हामी उपेक्षित, शोषित, दलित, भूमिहीन सुकुम्बासीले अधिकारको आन्दोलन निरन्तर गरेनौं भने हामी फेरि ठगिन सक्छौं । "जनअधिकारको ग्यारेण्टी गर्छौं" भन्दै नयाँ संविधान बनाउने जनमत पाएकाहरुले हामीलाई फेरि पाखा लाउन सक्छन् ।

नयाँ नेपाल निर्माणको ढोका खोल्ने संविधानसभा निर्वाचन भर्खरै सकियो । नयाँ नेपालमा मुलुकका सम्पूर्ण कृषि मजदूर, भूमिहीन, हरुवा-चरुवाले कामअनुसारको दाम, बस्ने गाँसबासको टुङ्गो अनि आफ्ना सन्ततिको राम्रो लेखपढको व्यवस्था हुने अपेक्षा गरेका छन् । त्यसको निम्ति क्रान्तिकारी भूमिसुधार जरुरी छ । तर नयाँ नेपाल निर्माणको नेतृत्व गर्ने दलहरुले त्यसो गर्लान् त ? दलहरुलाई त्यसो गर्न बाध्य बनाउन हाम्रो दबावमूलक भूमिका खड्किएको छ ।

त्यसैले, संसारभरिका मजदूरको एकता, सङ्घर्ष, बलिदान र विजयको प्रतीकका रुपमा मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवसका सन्दर्भमा हाम्रो भूमिका भन बढ्नुपर्ने देखिन्छ । ११९ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आउनुहोस्, हातेमालो र सहकार्य गर्दै अगाडि बढी, कृषि मजदूर, हरुवा-चरुवा भूमिहीनको हक अधिकार ग्यारेण्टीका लागि २०६५ वैशाख १९ गते (मई १ श्रमिक दिवस) राजविराजमा दिनको १२ बजेबाट हुने बृहत् प्रदर्शनमा सहभागी बनौं ।

१. हरुवा-चरुवा जस्तो अर्धदास प्रथाको तुरुन्त अन्त्य गरियोस् ।

२. हरुवा-चरुवा, कृषि मजदूर, भूमिहीनहरुमाथिको हेला, दुर्व्यवहार अन्याय एवं श्रम शोषण बन्द गरियोस् ।
३. सामन्ती भूमि ऐन तत्काल खारेज गरी क्रान्तिकारी भूमिसुधार लागू गरियोस् ।
४. दिनको आठ घण्टा कामवापत न्यूनतम १० के.जी. अन्न वा रु. १२०।- दिनुपर्दछ ।
५. तीन बिघा जग्गा जोत्ने हरुवालाई कम्तीमा १० दखि १२ कठ्ठा जग्गा दिनुपर्दछ ।
६. हरुवा-चरुवा परिवारको शिक्षा र औषधोपचार व्यवस्थाको ग्यारेन्टी गरिनुपर्दछ ।
७. मौलिक चाडपर्वमा बिदाको व्यवस्था हुनुपर्दछ ।

हरुवा-चरुवा अधिकार मञ्च, सप्तरी
जनचेतना दलित सङ्गम, सप्तरी

१५ वैशाख, २०६५